का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ साउन २०७९,
आइतबार
7 August 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक १८३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




जबराविरुद्ध महाअभियोग

# अघि बढ्यो निष्कर्ष अनिश्चित

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्ध दर्ता भएको महाअभियोग प्रस्ताव करिब ६ महिनापछि अगाडि बढ्ने निश्चित भएको छ । तर, निष्कर्ष के निस्कन्छ भन्नेमा स्वमं प्रस्तावकहरु अनिश्चित छन् ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २१ साउन ।

प्रधानन्यायाधी शचोलेन्द्र शमशेर राणाविरुद्ध संसदमादर्ता भएको महाअभियोग प्रस्तावकरिब ६ महिनापछि अगाडि बढ्ने निश्चित भएको छ । तर, निष्कर्ष के निस्कन्छ भन्नेमा स्वमं प्रस्तावकहरु अनिश्चित छन् ।

आइतबार प्रतिनिधिसभाको बैठकमा महाअभियोग प्रस्तावमाथि छलफल गर्ने संभावितकार्यसूची छ । 'मिति २०७८ फागुन २९ गतेको बैठकमा श्री देव प्रसाद गुरुङले नेपालको संविधानको धारा १०१ को उपधारा २ एवं प्रतिनिधिसभा नियमावली २०७५ को नियम १६१ को उपनियम १ बमोजिम प्रस्तुत गर्नुभएको प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा विरुद्ध दर्ता भएको महाअभियोग प्रस्तावमाथि छलफल हुने' शनिवार जारी आइतबारको संभावितकार्यसूचीमा छ । तर, यो प्रस्ताव प्रतिनिधिसभामा भने फागुन १ गते नै दर्ता भएको थियो । सत्ता गठबन्धनविरुद्ध लागेको भन्दै गत फागुन १ गते ९८ जना सांसदले राणविरुद्ध महाअभियोग दर्ता गरेका हुन ।

उक्त प्रस्तावमाथि आज प्रतिनिधिसभाको बैठकमा छलफल हुनेछ । दलहरुको आग्रह अनुसार छलफलका लागि आइतबारको संभावित कार्यसूचीमा राखिएको हो । प्रमुखप्रति पक्षी दल एमालेले पनि महाअभियोग अघि बढाउन निरन्तर संसदमा माग गरिरहेको छ । महाअभियोग

– बाँकी पृष्ठ २ मा

## समितिमा सत्तापक्षको बहुमत

महाअभियोग सिफारिस समितिमा सबैभन्दा बढी सदस्य एमालेका ४ जना छन् । तर, बहुमत भने सत्तापक्षकै छ । एमालेबाट विष्णु पौडेल, लालबाबु पण्डित, शिवमाया तुम्बाहाम्फे र कृष्णभक्त पोखरेल छन् । कांग्रेसबाट मिनबहादुर विक र रामबहादुर विष्ट, माओवादी केन्द्रबाट यसोदा सुवेदी र रेखा शर्मा, नेकपा एसबाट कल्याणी खड्का, लोसपाबाट एकवाल मियाँ र जसपाबाट प्रमोद साह सदस्य छन । समितिले बहुमतका आधारमा सिफारिस गर्नै सक्छ । छर, पारित गर्नका लागि प्रतिनिधिसभामा दुई तिहाई बहुमत चाहिन्छ । संविधानको धारा १०१ (२) अनुसार प्रधानन्यायाधीश जबराविरुद्धको महाअभियोग प्रस्ताव पारित हुन तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्या २७१ को दुई तिहाइ अर्थात् १८१ सांसदको समर्थन आवश्यक पर्छ । तर विभिन्न फौजदारी आरोप लागेका ५ जना निलम्बनमा रहेकाले सभामुखसहित २६६ जना मात्रै मतदानमा सहभागी हुन योग्य छन् । त्यसमा पनि सभामुखले पक्ष र विपक्षमा बराबर मत हुँदा मात्र मतदान गर्न पाउने व्यवस्था छ । यसरी हेर्दा अहिले जबराविरुद्धको महाअभियोगको पक्षमा १५३ मात्र मत छ ।

महाअभियोगको पक्ष र विपक्षमा नखुलेका संसदको संख्या ११२ छ । नेकपा एमालेका ९८, लोकतान्त्रिक समाजवादी पार्टी १३, नेमकिपा र राप्रपाका १/१ सांसद र पक्ष वा विपक्षमा औपचारिक रुपमा खुलेका छैनन् । माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक देव गुरुङ महाअभियोग अगाडि बढेपछि एमालेसँग पनि छलफल हुने बताउँछन् ।

चुनावको मिति घोषणा भइसकेकाले महाअभियोग अगाडि बढाउँदा एमालले आफूहरुलाई साथ दिन बाध्य हुने गठबन्धनका नेताहरुको विश्वास छ । एमालेबाट महाअभियोग सिफारिस समितिमा रहेका कृष्णभक्त पोखरेल पनि लामो समयसम्म महाअभियोग जस्तो विषयलाई अड्काउनु गलत भएको बताउँछन् । 'प्रधानन्यायाधीश जस्तो व्यक्तिमाथि महाअभियोग लगाएर अड्काएर राख्नु आफैंमा गलत छ' उनले भने ।

आमचुनाव–२०७९

# फेरि एमाले एक्लै !

स्थानीय तहको निर्वाचनमा प्रमुख पाँच दल एकातिर र एमाले अर्कोतिर थिए । यस्तो हुँदा पनि दोस्रो ठूलो दल हुन सफल एमाले मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभाको चुनाव पनि एक्लै लड्ने तयारीमा छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० साउन ।

मौजुदा प्रतिनिधिसभा र प्रदेश सभामा सबैभन्दा ठूलो दलको रुपमा रहेको मुलुककै सबैभन्दा ठूलो पार्टी नेकपा एमालेले आसन्न मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभाको चुनावएक्लै लड्ने तयारी गरेको छ ।

गत बैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनमा प्रमुख पाँच दल एकातिर थिए । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा चुनावी गठबन्धन बनाएर चुनावमा होमिँदा एमालेले केही साना पार्टीको साथ लिए पनि समग्रमा एक्लै चुनाव लडेको थियो । यस्तो हुँदा पनि दोस्रो ठूलो दल हुन सफल एमाले मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभाको चुनाव पनि एक्ले लड्ने तयारीमा छ । एक्लै चुनावमा जाने तयारीमा रहेको एमालेल मुख्यत 'विकासका लागि स्थिर सरकार र स्थिरताका लागि बहुमत' भनेर जनतामा जाने तयारी गरेको छ । यही अनुसार एमाले नेताहरुले सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् ।

शनिवार मात्रै एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमाले ढाल्न नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल नेपाली कांग्रेसरुपी बन्चरोको बींड बनेको टिप्पणी गरे । यस्तो टिप्पणीका पछाडि उनले स्थिर सरकार चलाउन नदिएको भनी प्रचण्ड र माधव नेपाललाइ आरोपित गर्न खोज्नु हो ।

शनिबार काठमाडौंमा आयोजित अगुवा कार्यकर्ता भेलामा एमाले अध्यक्ष ओलीले कांग्रेसलाई विगतमा २३ सिटमा खुम्च्याइ दिएर कम्युनिस्टलाई ठाडो शिर गरेर हेर्न नसक्ने बनाइदिएको तर अहिले कम्युनिस्टलाई हराउन कम्युनिस्ट नै कांग्रेसको बींड टिप्पणी गरेका हुन । एमाले अध्यक्ष ओलीको प्रश्न छ, 'कांग्रेसको बींड हेर्नुस् त कस्ता छन् ? एमाले काट्ने, एमाले सिध्याउने भनेका बींड कस्ता छन् के के नामका छन् ?'

एमाले अध्यक्ष ओलीले रुख ढाल्ने बन्चरोको बींड रुखकै काठ प्रयोग हुँदा रुख धुरुधुरु रोएको एउटा कथा सुनाए ' बञ्चरो लिएर एउटा रुख ढाल्न थालेछन् एक जनाले, वरतिर परतिरका रुख रुन थालेछन् । अरु रुखले सोधे 'आखिर ढल्नु त छँदैछ, मर्नु त छँदैछ,'कसैले काट्यो ढल्नुपर्‍यो भनेर किन आँशु खसालेको ?' देख्ने रुखहरुले भने, 'बन्चरोले काट्यो ठूलो कुरा भएन, तर हामीलाई काट्ने बञ्चरोको बींड काठकै छ, त्यो चाहिं दुखको कुरा हो ।' बञ्चरोले मात्र रुख ढाल्न सक्दै नसक्ने उल्लेख गर्दै उनले भने, 'कांग्रेसलाई २३ सिटमा पुर्‍याइदिएका थियौं लड्ने त कुरा छाडिदिऔं हेर्न पनि सकेको थिएन, तर अदालत गएर सरकार ढालिपाउँ भन्ने दक्षिणपन्थी सरकार बनाइपाउँ भनेर परमादेश मागे ।' एमाले अध्यक्ष ओलीले माओवादी र एकीकृत समाजवादी केन्द्रका नेता कार्यकर्तालाई एमालेमा फर्किन पनि आग्रह गरे ।

## हवाई भाडा बढ्दै जाँदा मलेसियाको माग नै कटौती हुने खतरा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन

नेपालबाट वैदेशिक रोजगारमा जाने कामदारको जहाज भाडा महँगो भएपछि मलेसियास्थित रोजगारदाता कम्पनीहरु चिढिन थालेका छन् ।

नेपाल सरकार तथा मलेसिया सरकारबीच भएको सम्झौता अनुरूप इम्प्लोइमेन्ट पे मोडल र स्वच्छ एवम् न्यायिक प्रक्रियाबाट पारदर्शिताको आधारमा जाने कामदारका लागि रोजगारदाताहरूले जहाज टिकट कम्पनीले नेपालबाट कामदार लैजाँदा एम्बेसी स्ट्याम्पिङ शुल्क, मेडिकल शुल्क, टिकट र नेपाली एजेन्सीको शुल्क तिर्नुपर्ने व्यवस्था छ ।

मलेसियाले नेपालीसहित भियतनाम, कम्बोडिया, इन्डोनेशिया, फिलिपिन्स, बांग्लादेश, पाकिस्तान, भारतलगायतका १४ देशबाट कामदार लैजाने गरेको छ । तर कामदार लैजाने श्रोत मुलुकमध्ये नेपालबाट जाने कामदारको हवाई जहाज भाडा सबैभन्दा महँगो हुँदै गएको गुनासो बढेको छ ।

हाल नियमित उडान भनेपनि भाडा दर चार्टर उडान जस्तै महँगो भएपछि रोजगारदाताहरू चिढिएका हुन् । मलेसियाबाट नेपाल आउन एकतर्फी ६ सय ५० रिँगेट करिब १८ हजार ५ सय रुपैयाँ भएपनि नेपालबाट मलेसिया जान त्यसको करिब तीन गुणा ५६ देखि ५८ हजार रूपैयाँसम्म भाडा लाग्ने वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

नेपाल सरकार तथा मलेसिया सरकारबीच भएको इम्प्लोइमेन्ट पे मोडल अनुसार उक्त जहाज भाडा मलेसियाका रोजगारदाताहरूले तिर्नुपर्छ । तर व्यवहारमा नेपालबाट म्यानपावर कम्पनीले कामदार छनोट गरी पठाएपछि रोजगारदाता कम्पनीले म्यानपावर कम्पनीलाई भुक्तानी दिने गरेका छन् ।

महँगीको पहिलो मारमा नेपाली व्यवसायी र वैदेशिक रोजगारीमा जाने कामदार परेका छन् । नेपालमा सेप्टेम्बरपछि मात्र पर्यटन आवागमनको व्यस्त ' पीक' सिजन शुरू हुने गरेको छ । त्यसअघि नै बढेको हवाई भाडाले नेपालमा आउने कामदारको कोटा घट्ने र मलेसियाको रोजगारीमा संकट निम्त्याउन सक्ने कतिपयको भनाइ छ । केही महिनाअघि मात्र सुचारु भएको मलेसियाको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### 'विदेशबाट फर्किएका युवालाई स्वरोजगारमा जोड'

**काठमाडौं/रासस–** युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले विदेशबाट फर्किएका युवालाई स्वदेशमै केही गर्न सक्ने वातावरण सिर्जना गर्न सरकार प्राथमिकतापूर्वक लागिरहेको बताएका छन् । राष्ट्रिय युवा परिषद्अन्तर्गतको रिटर्नी युवा सञ्जालले शनिबार परिषद् कार्यालय सानोठिमीमा आयोजना गरेको वैदेशिक रोजगारबाट फर्केका युवाको अवस्था, समस्या र सम्भाव्यता विषयक प्रशिक्षणमूलक कार्यक्रम २०७९ को उद्घाटन गर्दै उनले वैदेशिक रोजगारबाट फर्किएका युवालाई स्वरोगार र

– बाँकी पृष्ठ २ मा

# अस्थिर यात्रामा बाबुराम

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ साउन ।

जनता समाजवादीबाट अलग भएर नेपाल समाजवादी पार्टी गठन गरेका डा. बाबुराम भट्टराईको राजनीतिक यात्रा अति नै अस्थिर भएको चर्चा चुलिन थालेको छ । पूर्वप्रधानमन्त्री समेत रहेका भट्टराई पटक पटक पार्टी फुटाउने, पुर्नगठन गर्ने र कोहीसँग पनि लामो समय राजनीतिक यात्रामा हिँड्न नसक्ने देखिएपछि आलोचना चुलिएको हो ।

'चुनावको नजिकै आएर पार्टी विघटन गर्नु भट्टराईको लागि ठूलो चुनौती हो, अब उनलाई नेपाली राजनीतिमा टिक्न थप संकट हुने देखिएको छ, यद्यपि माओवादी केन्द्रसँग एकताको कुरा पनि चुलिएको छ,' राजनीतिक विश्लेषक डा. विष्णु दाहालले भने । उनले भट्टराईको बढ्दो अस्थिरताले राजनीतिक जीवनमा थप संकट पैदा गर्नसक्ने समेत बताएका छन् ।



माओवादी आन्दोलनलाई उचाइमा पुर्‍याइन जीन्दगीका उर्वर तीन दश खर्चिएका बाबुराम भट्टराईले बितेको सात वर्षमा भने पाँच वटा पार्टी फेरेका छन् । २०७२ को संविधान जारी भएसँगै माओवादी छोडेका बाबुराम शनिबार मात्रै नेपाल समाजवादी पार्टीका अध्यक्ष चयन भए ।

त्यत्तिमात्रै होईन, जनता समाजवादीबाट अलग भएका भट्टराई पाँच दलीय सत्तागठबन्धनमा समेत अटाउन सकेका छैनन् । यद्यपि, पाँच दलीय गठबन्धनमा आफ्नो दलको पनि हिस्सा रहने भन्दै उनले आफूपनि रहनुपर्ने अभिव्यक्ति पनि दिएका थिए । यद्यपि उनी अहिले सत्तागठबन्धनबाट पनि बाहिरिएका छन् ।

तर, उनकै पार्टीका एक नेता भने समाजवादी केन्द्र बनाएर अघि बढ्ने विषयमा छलफल भईरहेको दाबी गर्छन् । 'पहिलो प्राथमिकता सत्ता गठबन्धन र समाजवादी केन्द्र नै रहेको छ, त्यसपछि मात्र एमाले तथा अन्य दल रहनेछन्' उनले भने । साथै अन्त्यमा एमालेसँग चुनावी एकता गरेर जाने सम्भावना समेत बढेको उनको भनाई छ ।

पटक पटक देशका विभिन्न महत्वपूर्ण पदमा बसिसकेका बावुराम भट्टराईको यो चौथो पार्टी हो । २०३७ सालमा मोहनविक्रम सिंहको कम्युनिष्ट पार्टीबाट सदस्यता लिएर राजनीति सुरु गरेका भट्टराई २०४६ सालको जनआन्दोलनमा एउटा समूहको प्रवक्ता बनेरै काम गरेका थिए । अनि उनी २०५३ सालमा परिवर्तनका लागि भन्दै जनयुद्धमा सहभागी भए र २०५९ सालमा तत्कालीन सरकारले उनको टाउकाको

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२२ साउन २०७९, आइतबार
7 August 2022, Sunday

# सडक भरी फोहोरको डंगुर



**काठमाडौं/मस-** दुई महिनादेखि काठमाडौंको सडकमा फोहोर थुप्रदा नागरिकलाई आवतजावत गर्नसमेत समस्या भएको छ। बाटो मर्मतको कारण देखाउँदै काठमाडौं महानगरपालिका र अन्य निजी क्षेत्रले समेत नियमितरुपमा फोहोरको अन्तिम व्यवस्थापनको काम नगर्दा सडकमा जताततै फोहोर देखिन थालेको हो।

विशेष गरी काठमाडौंका मुख्य सडक कलङ्की, कालीमाटी, टेकु, अनामनगर, बानेश्वर, थापागाउँ, कोटेश्वरलगायत स्थानका सडकमा लामो समयदेखिको फोहोरको थुप्रो हुँदा समस्या आएको छ।

यता कामपाले भने सिसडोलबाट बञ्चरेडाँडासम्म जाने सडक मर्मतको काम पूरा नभएकाले साविकबमोजिम फोहोर व्यवस्थापन हुन नसक्दा काठमाडौंको मुख्य चोकमा फोहोर थुप्रिन थालेको जनाएको छ। यही साउन ४ गते काठमाडौं महानगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै सडक मर्मतको काम गर्नुपर्ने भएकाले एक हप्ताका लागि घर बाहिर फोहोर ननिकाल्न आग्रह गरेको थियो। एक हप्ताको समयमा पनि सडक मर्मतको काम पूरा नभएपछि सबै सवारी साधन चलाउन कठिन भएकाले फोहोर व्यवस्थापनमा समस्या भएको कामपाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। उक्त बाटो मर्मतको काम सम्पन्न गर्न अझै समय लाग्ने भएकाले कही दिन सबै स्थानको फोहोर व्यवस्थापन गर्न कठिन हुने उनको भनाइ छ।

त्यसैगरी बञ्चरेडाँडाका स्थानीयले सम्झौताअनुसार काम नभएको भन्दै आगामी भदौ १ गतेदेखि फोहोर व्यवस्थापन गर्न नदिने चेतावनी दिएका छन्। समयमा नै सडक मर्मतको काम नगरेको, फोहोर बोक्ने गाडीमा (लिचड ट्याङ्की) फोहोरको लेदो रहने भाँडो व्यवस्था नगरिएको, स्थानीयको स्वास्थ्य बीमा, शिक्षाको प्रत्याभूतिजस्ता विषयबारे बेवास्ता गरिएको भन्दै स्थानीयवासीले फोहोर व्यवस्थापन गर्न नदिने चेतावनी दिएका छन्।

कामपाले बञ्चरेडाँडाका स्थानीयको माग सम्बोधनको चरणमा रहेको जनाउँदै उपत्यकाको कुहिने फोहोर यही व्यवस्थापन गर्नका लागि स्थान पहिचानको काम गरिरहेको जानकारी दिएको छ। त्यसका लागि उपत्यकाको अन्य नगरपालिकासँगको सहकार्यमा जग्गा पहिचानको काम भइरहेको बताइएको छ।

यसअघि हरेक दिन उपत्यकाबाट एक हजार दुई सय मेट्रिक टन फोहोर सिसडोलमा व्यवस्थापन गरिँदै आएको थियो। सबैभन्दा बढी कामपामा पाँच सय मेट्रिक टन फोहोर निस्कने गर्दछ। उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहोरमध्ये करिब ७५ प्रतिशत उक्त स्थानमा व्यवस्थापन गरिँदै आएको थियो।

नगरपालिका वा ल्याण्डफिल साइटका मानिसलाई गाली गर्नुभन्दा हरेक व्यक्तिले भान्साबाट फोहोर छुट्याउनमा योगदान गर्नुपर्ने वातावरणविद् भूषण तुलाधरको भनाइ छ। 'नीतिगत व्यवस्थाको कार्यान्वयन, योजना र सहकार्यबाट सहरको फोहोरलाई दिगो व्यवस्थापन गर्न सकिने र यसको सुरुवात घरबाट होइन भान्साबाट फोहोर वर्गीकरण गर्न थाल्नुपर्छ', तुलाधरले भने।

# ठाकुरबाबाको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न




**पवन जायसवाल/मध्यान्ह**
बाँके, २१ साउन

बर्दियाको ठाकुरबाबा नगरपालिकाको आयोजनामा छैठौं वृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा १ सय ५३ जनाले रक्तदान गरेका छन्। नगर प्रमुख तिलकराम लम्साल र प्रादेशिक रक्त संचार सेवा केन्द्र नेपालगन्जका प्राविधिक होमराज गिरीले संयुक्त रुपमा कार्यक्रमको उद्घाटन गरेका थिए।

ठाकुरबाबा नगरपालिका वडा नं.-१ वडा कार्यालयको परिसर अगाडि आयोजित रक्तदान कार्यक्रममा थारु समुदाय बिकास मञ्च, रेडियो टाइगर एफ.एम., नेपाल रेडक्रस सोसाइटी उप शाखा ठाकुरबाबा भुरीगाउँ, चुरे क्याम्पस बगनहा, मनुषा टिकासिंह बहुमूखी क्याम्पस, लायन्स क्लब अफ ठाकुरबाबा, खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बर्दिया राष्ट्रिय निकुन्ज ठाकुरद्वारा, देवीदत्त ठाकुरबाबा, विकास प्रेमी युवा समूह, ईलाका प्रहरी कार्यालय बगनहा भुरीगाउँ, ठाकुरबाबा उद्योग वाणिज्य संघ भुरीगाउँ, नारी एकताा शक्ति, केन्द्र भुरीगाउँ, नेपाल शिक्षक महासंघ, औषधि व्यवसायी संघ, विश्वासिलो साकोस, हाम्रो मध्यवर्ती साकोस, प्रगति साकोस, सिको साकोस, सगुन साकोस, किसान कमैया कल्याण साकोस, हिमालय सहकारी साकोस, ठाकुरबाबा बहुउद्देश्यीय सहकारी, नेउलापुर साना किसान, शिक्षक कल्याण साकोस लगायत सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुको समन्वय तथा सहकार्यमा सम्पन्न भएको थियो।

रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सेवा केन्द्र नेपालगन्जका होमराज गिरी, सुनिल रत्गैया, सन्दिप आचार्य, निरुता लामिछाने, स्वास्तिका खत्री, सञ्जय बढही, वीरेन्द्र योगी लगायतले प्राविधिकमा, अन्यमा थारु समुदाय विकास मञ्च भुरी गाउँका अराधना चौधरी भण्डारी, विनिता चौधरी, शिला योगी, गरिमा खडका, अशोक थारुलगायतले कार्यक्रममा सहयोग गरेका थिए।

यस्तै ठाकुरबाबाका नगरप्रमुख तिलकराम लम्साल, नेपाल स्वयंसेवी रक्तदाता समाज बर्दियाका अध्यक्ष प्रेम प्रसाद लम्साल, ठाकुबाबा नगर समितिका अध्यक्ष चल्टुराम थारु, वडा नं. १ का वडाध्यक्ष निमराज खनाल, वडा नं.९ का वडाध्यक्ष राधा चौधरी, शिक्षक नवराज ढुंगाना, पत्रकार पवन जायसवाल, नेपाल रेडक्रस सोसाइटी उपशाखा ठाकुरबाबा सभापति यज्ञ प्रसाद नेपालले रक्तदान गरेका थिए।

कार्यक्रममा चक्रपाणी आचार्य, मणिकला पाण्डे, पदमा आचार्य, दिपकराज भण्डारी, हिरालाल थारु, अर्जुन रिजाल, कृष्णा प्रसाद थारु, सीता थारु, पुष्कर न्यौपाने, अर्जुन नेपाली, रिता थारु, भक्तराज उपाध्याय, दिनेश कडेल, प्रेम प्रसाद खनाल, नरेश तिमिल्सिना, चित्र प्रसाद पाण्डे, जय प्रसाद पौडेल, तेज बन्धु लम्साल, उमा मल्ल, रामरानी थारु, जगत भण्डारी, अञ्जना थारु, रमेश बहादुर भण्डारी, पुजा सुनार, प्रेमराज ढुंगाना, शोभा थारु, हरिराम थारु, बिजय कुमार सापकोटा, शुक्रराज चौधरी, लक्ष्मण कुमार गौली, हेमराज अधिकारी, रमेश बढुवाल र नरेश बहादुर भण्डारीले रक्तदान गरेका थिए।

यस्तै अनोज कुमार नेपाली, हिम बहादुर थापा, सुमन खनाल, रामदयाल थारु, यमराज कोइराला, सुरज थारु, धर्मराज डाँगी, सर्वराज भारती, सञ्जय कुश्मी थारु, बुद्धि प्रसाद थारु, शान्ति प्रसाद शर्मा, हरि प्रसाल थारु, बिर्ख बहादुर शाही, अनिल कुमार थारु, भिम प्रसाद ढकाल, श्रीराम थारु, रेशम भारती, श्रीराम चौधरी, नारायण पंगेनी, राजु थारु,गोपाल निरौला, रामदास थारु, भागीमन्त रोकाया, सन्तराम थारु, राजेश ज्ञवाली, ज्ञान बहादुर थारु, शोभनी थारु, रबिन्द्र आर्याल, उमेशराज शर्मा, शरबीर चौधरी, चन्द्रनाथ काफ्ले, किसन बहादुर सिंह, महेन्द्र पंगेनी, राजेश थापा, प्रकाश न्यौपाने, अशोक धमलहवा थारु, राम बहादुर दहित, राकेश थार, दिपक थारु, जिवन कडेल, सुष्मा चौधरी, फुलकुमारी चौधरी, ध्रुव कुमार शाह, रमेश थारु, सुनिल चन्द, प्रकृति सुवेदी, तुल्सा झाँ, बिनिता भण्डारी, रामेश्वर बोहरा, टिकाराम थारु, देशराज थारु, प्रेम खडका, पंकज कुमार कौशल (प्रहरी हवल्दार), मधु पाण्डे (प्रहरी जवान)ले रक्तदान गरेका थिए।

यस्तै कार्यक्रममा ध्रुवराज बम, कालुराम थारु, भिम बहादुर थारु, खडकलाल पन्थी, जनक शाही, अनिल कुमार थारु, गोबिन्द कुश्मा, कमल थारु, राजु थारु, सुरेश दहित, कृष्ण प्रसाद थारु, फत्तेहसिंह राजबंशी थारु, हरि प्रसाद थारु, दान बहादुर बोहरा, मनोज आचार्य, लोकेन्द्र साउद, आशिष दहित, टेकराज थारु, ऋषि चौधरी,सुजना मगर, अंगानु थारु, मञ्जु लामिछाने, भक्त बहादुर शाही, रबिन कुमार बैद्य, हरि प्रसाद गौली, दिपक लामा, दिपेन्द्र थारु, हरिराम पौडेल, मनीराम थारु, जगतराम थारु, शंकर प्रसाद गौतम, गोबिन्द आचार्य, प्रेमलाल थारु, सन्तोष कुमार थारु, टंकेश्वर भण्डारी, बविता आचार्य, राजेश कुमार बजगाई, सन्तोष कुमार थारु, आदिराम जैसी, बल बहादुर खत्री, धनश्याम न्यौपाने, मन्तराम थारु, सूर्यमणि भण्डारी, महेन्द्र बहादुर शाही, राजेन्द्र प्रसाद सुवेदी, प्रेमसिंह रावत, तिलक गडतौला, पुजा परियार, कृष्णा भण्डारी शाही, गणेश बहादुर थापा, दिलसरा भण्डारी, गंगा कुमारी योगी, अस्मिता थारु, किरन सापकोटा, आकाश बिष्ट, कृष्ण बहादुर भण्डारी र राजन परियार लगायतले रक्तदान गरेका थिए।

कार्यक्रममा ठाकुरबाबा नगर उपप्रमुख बिना कुमारी भट्टराई, स्वास्थ्य शाखाका प्रमुख इन्द्र बहादुर राजबंशी, नि. प्रमुख प्रशासकीय अधिकृत, चुरे क्याम्पस प्रमुख, कर्मचारी, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो।

# आयुर्वेद अस्पतालमा औषधि अभाव



**काठमाडौं/मस-** बागमती प्रदेशअन्तर्गत रहेको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा औषधिको अभाव भएको छ। मकवानपुरको हेटौंडामा रहेको उक्त केन्द्रमा औषधि अभावका कारण उपचार गराउन आउनेको संख्यामा कमी आएको छ। आयुर्वेदिक औषधिबाट कुनै पनि 'साइड इफेक्ट' नहुने भएकाले बिरामीको संख्या बढ्ने गरेकामा अहिले औषधिको अभावमा रित्तै फर्किने गरेका छन्।

विभिन्न रोगका करिब २३ प्रकारका आयुर्वेदिक औषधि निःशुल्क वितरण गर्दै आएको सो केन्द्रमा हाल १० प्रकारका औषधिसमेत नरहेको त्यहाँ कार्यरत कर्मचारीहरु बताउँछन्। विशेषगरी बाथ, पित्त, कफ, ग्यास्टिक, ववासिर, अल्सर, ज्वरो, कमलपित्त, कमजोरी, भोक नलाग्ने, हात र खुटा सुन्निने झमझमाउने र पोल्ने तथा पारालाइसिसलगायत विभिन्न रोगका बिरामीलाई दिइने औषधि सकिदा पनि प्रदेश सरकारले उपलब्ध नगराएकाले सेवा लिनेहरु मारमा परेको बताइएको छ।

दैनिक ८५ बिरामी उपचारका लागि आउने गरेकामा औषधि अभावका कारण हाल दैनिक ३० देखि ३५ बिरामी आउने गरेको केन्द्रका सूचना अधिकारी अशोक झाले बताए। बिरामीलाई विभिन्न औषधिको प्रयोगसँगै उपकरणको सहायताले सेकताप र रोग नुसारको उपचार पद्धति प्रयोग हुँदै आएको उनले जानकारी दिए। विगत दुई वर्षदेखि विश्वमहामारीका रुपमा फैलिएको कारोनाको सङ्क्रमणवाट जोगिनका लागि सो स्वास्थ्य केन्द्रमा उपचार गराउन र परामर्श लिनेको संख्या बढ्दै गएको थियो।

प्रदेश सरकारसँग औषधि खरिदका लागि रकम माग गरिएकामा अहिलेसम्म प्राप्त हुन नसकेको सूचना अधिकारी झाले जानकारी दिए। त्यस्तै स्वास्थ्य केन्द्रमा जनशक्तिको अभावका कारणले कार्य सम्पादनमा समेत समस्या भएको उनको भनाइ थियो। उक्त केन्द्रबाट आर्थिक वर्ष २०७८/७९ मा नौ हजार एक सय ११ बिरामीले उपचार सेवा लिएकामा चार हजार पाँच सय १५ महिला र चार हजार चार सय ९५ पुरुष थिए। उक्त केन्द्रमा प्रयोगशाला, फिजियोथेरापी, क्षारसूत्र, पञ्चकर्म, योग सेवाका साथै ज्येष्ठ नागरिकहरुलाई रसायन औषधि वितरण तथा स्तनपायी आमाहरुका लागि दुग्धबर्धक औषधि वितरणसमेत हुँदै आएको थियो।

# 'नेपाललाई दक्षिण एसियाकै धनी पुस्ताको रूपमा विकास गर्छौं'



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आगामी १० वर्षभित्रमा नेपाललाई दक्षिण एसियाकै धनी पुस्ताको रूपमा विकास गर्ने बताएका छन्। बाल लेखिका गीत पछाईँद्वारा लिखित 'प्रोटल' नामक पुस्तकको विमोचन गर्दै सरकारका प्रवक्ता समेत रहेका मन्त्री कार्कीले नेपालाई धनी मुलुकका रूपमा विकास गर्नका लागि नेपाली नागरिक समाज, साहित्य र कलाकारितालगायत सम्पूर्ण क्षेत्रको उत्तिकै भूमिका हुने बताए।

मन्त्री कार्कीले नेपाली साहित्यको क्षेत्रमा संरक्षण र विकासको निम्ति नयाँ पुस्तालाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए। नेपाललाई संसारमै सभ्य र सुन्दर देशको रूपमा चिनाउनुपर्ने उनको भनाइ छ। अङ्ग्रेजी भाषामा प्रकाशित उपन्यास 'प्रोटल' मा विज्ञानसम्बन्धी विषयलाई समावेश गरिएको छ। मन्त्री कार्कीले 'प्रोटल'लाई अन्तर्राष्ट्रिय समुदायसम्म पुऱ्याउन नेपाल टेलिभिजनले शुरु गर्न लागेको 'एनटिभी वर्ल्ड'मार्फत सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

# सीमानाकामा सुरक्षा निगरानी बढाइने




**जनकपुर/मस-** नेपाल र भारतका सुरक्षा अधिकारीहरुको जनकपुरमा बसेको संयुक्त बैठकले सीमानाकाबाट हुने आपराधिक गतिविधि नियन्त्रण गर्न सीमाक्षेत्रमा सुरक्षा व्यवस्था कडा पार्ने निर्णय गरेको छ।

बैठकले खुला सिमानाको फाइदा उठाउँदै हुने चोरी, तस्करी, लागुऔषध ओसारपसार, अवैध गतिविधिलगायत आपराधिक क्रियाकलापलाई रोक्न दुवै देशका सुरक्षाकर्मीले निगरानी बढाउने निर्णय भएको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए।

बैठकले सीमामा हुने अपराध तथा लागुऔषधसम्बन्धी नियन्त्रण कसरी गर्ने, सीमास्तम्भहरूको अवस्था कस्तो छ ? मर्मत गर्नुपर्ने भए सम्बन्धित निकायमा पहल गर्ने, हराएको भए खोजी गर्नेलगायतका विषयमा निर्णय भएको प्रजिअ पौडेलले बताए। यो बैठक नेपाल र भारतका सुरक्षाकर्मीको बस्ने नियमित बैठक रहेको र यस्ता बैठकले दुई देशबीचको सम्बन्ध सुमधुर हुनुका साथै समय-समयमा सुरक्षाकर्मीबाट सहयोग पनि भेटिरहेको प्रजिअ पौडेलले विश्वास व्यक्त गरे।

बैठकमा नेपालतर्फको नेतृत्व प्रजिअ पौडेलले गरेका थिए भने भारततर्फको नेतृत्व मधुवनी जिल्लाका डिएम अरबिन्दकुमार बर्माले गरेका थिए।

## अघि...

प्रस्तावकरिब ६ महिनापछि अगाडि बढे पनिनिष्कर्ष के निस्कन्छ भन्नेमा स्वमं प्रस्तावकहरु अनिश्चित छन। यही कारण गत फागुन २२ गते नै महाअभियोग संसदमा टेबल भएर ११ सदस्यीय सिफारिस समिति गठन भएपनि सत्तापक्षीयदलहरुले अघि बढाउन चाहेका थिएनन्। अनिश्चयबीच महाअभियोग अगाडि बढाउन लागिएको छ।

महाअभियोग पारित गर्न दुई तिहाइ बहुमत चाहिन्छ। यसका लागि एमालेको समर्थन अनिवार्य छ।

तर एमालेका अध्यक्ष केपीशर्मा ओलीले भने खुलेर जबराको समर्थन जनाउँदै आएका छन्। ओलीप्रधानमन्त्री हुँदा भागबण्डाको सहकार्य गरेकाले पनि जबरालाई साथदिदै आएको बुझ्न सकिन्छ। १ मंसिर ०७७ मा ओलीले अध्यादेशबाट संवैधानिक निकायको सिफारिस गर्दा जबराले साथदिएकाथिए। फेरि २५ वैशाख २०७८ मा अर्को अध्यादेश ल्याएर संवैधानिकनिकायमासिफारिस गर्दा पनि जबराले ओलीलाई साथदिए।

दुई पटक गरी जबराले ५२ मध्ये १३ पद भागबण्डामा लिएकाथिए। पछि प्रतिनिधिसभा पुनर्स्थापना भएपछि सत्तारुढ गठबन्धनसँग पनि जबराले कोटामा मन्त्री पद लिए। त्यो पदमानातेदार गजेन्द्रबहादुर हमाललाई पठाएपनि चर्को विरोध भएपछि हमालले राजीनामा दिएर उक्त पद छोडे।

## हवाई ...

रोजगारीको क्रममा करिब ६ महिना अघि ३५/३६ हजार रुपैयाँको हाराहारीमा थियो। अहिले दोब्बरभन्दा बढी दरले बढ्दा पनि टिकट पाउनसमेत सहज छैन।

नेपालबाट जाने हवाई भाडा नघटे कम्पनीको अपरेसन लागत घटाउनुपर्ने बाध्यता भएका मलेसियन रोजगारदाता कम्पनीहरू नेपालभन्दा सस्तो हवाई भाडा भएका देशहरुतर्फ आकर्षित हुन सक्ने खतरा पनि त्यतिकै रहेको भन्दै व्यवसायीहरूले अनावश्यकरूपमा एयरलाइन्सहरुद्वारा बढाइएको भाडाबारे छानविन गर्न सरकारलाई सुझाव दिएका छन्।

## विदेशबाट...

उत्पादनमा जोड्न सरकारले प्रयास गरिरहेको बताए। सरकारले युवा रोजगारका लागि विभिन्न कार्यक्रम अगाडि सार्दै त्यसका लागि बजेट विनियोजनसमेत गरेको बताउँदै मन्त्री गहतराजले युवाका लागि ल्याएका विभिन्न योजना र कार्यक्रमलाई एकीकृत गरी ठोस परिणाम दिने गरी अगाडि बढाउनुपर्नेमा जोड दिए।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले विदेशबाट फर्किएका युवाको विदेशमा सिकेको सीप, श्रम र दक्षतालाई नेपालमै सदुपयोग गर्ने गरी सरकारले योजना ल्याउनुपर्नेमा जोड दिए। वैदेशिक रोजगारीका क्रममा उनीहरूले सिकेका अनुभव र सीपलाई उपयोगी बनाउन सके राष्ट्र निर्माणमा मेरुदण्ड बन्न सक्ने उनको भनाइ थियो।

कार्यक्रममा युवा स्वरोजगार कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारीले युवालाई स्वरोजगार बनाउन कोषले विभिन्न कार्यक्रम अगाडि ल्याएको बताए।

त्यस अवसरमा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठले विदेशबाट श्रम गरेर फर्किएका युवाका लागि विशेष कार्यक्रम ल्याउन बोर्ड लागिरहेको बताए। युवालाई देशभित्रै अवसर खोज्न आग्रह गर्दै युवा अर्थशास्त्री डिपी ढकालले नेपाली श्रमबजारको अवस्था, समस्या, चुनौती र अवसरका बारेमा चर्चा गरे।

कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी)का निर्देशक अनोज भट्टराईले सीप र प्रविधिसँग जोड्दै विदेशबाट फर्किएका युवालाई तालिम दिएर थप दक्ष बनाउने कार्यक्रम अगाडि सारेको बताए।

रिटर्नी माइग्रेन्ट नेपालका केन्द्रीय सचिवालय सदस्य काजी थापा, सञ्जालका उपाध्यक्ष सविन खड्काले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै वैदेशिक रोजगारीबाट फर्किएका युवाका समस्या र अपेक्षाबारे चर्चा गरे।

रिटर्नी सञ्जालका अध्यक्ष एवं कार्यक्रमका सभापति सुवास ढकालले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई स्वरोजगार र उत्पादनसँग जोड्दै कसरी लैजाने भन्ने विषयमा योजना बनाउनका लागि प्रशिक्षण सञ्चालन गरिएको बताए।

## अस्थिर...

मूल्य नै तोकेको थियो। त्यस्तै, २०६१ सालमा पार्टीको साधारण सदस्य रहनेगरि कारबाही भोगेका उनी २०६४ सालको चुनावमा भने गोरखाबाट विजयी भएका थिए। २०६५ सालमा प्रचण्ड नेतृत्वको सरकारबाट अर्थमन्त्री बनेका उनी २०६८ सालमा प्रधानमन्त्री नै बनेका थिए। पुन २०७० मा गोरखाबाट विजयी भएका उनले २०७२ सालमा पार्टीबाट राजीनामा दिई ०७३ मै नयाँ पार्टी घोषणा गरेका थिए।

तत्पश्चात् २०७४ सालको चुनावमा गोरखाबाट विजयी भएका उनले २०७६ मा संघीय समाजवादी फोरमसँग एकता गरि जनता समाजवादी पार्टी गठन गरेका थिए। तर, त्यहाँ पनि उनको मतभेद देखिएपछि पुन नेपाल समाजवादी पार्टी गठन गरेका छन्। भट्टराईको बढ्दाें राजनीतिक अस्थिरता र मतभेदका कारण उनको राजनीतिक जीवन थप संकटउन्मुख हुने चर्चा चुलिएको छ।

# अफ्रिकन स्वाइन फिवरबाट पनौतीको बंगुरमा व्यापक क्षति

**काभ्रेपलाञ्चोक/मस-**पनौती नगरमा महामारीजन्य 'अफ्रिकन स्वाइन फिवर'को संक्रमणका कारण ठूलो संख्यामा पशु मरेका छन्। व्यावसायिकरुपमा फार्ममा पालिएका बङ्गुरमा गत सोमबार मात्रै उक्त संक्रमण पुष्टि भएको थियो। उक्त रोगका कारण नगरका तीन स्थानको फार्ममा छसय सात बंगुर मरिसकेको नगर कृषि तथा पशुपक्षी शाखाले जनाएको छ। उक्त रोगले नगरको वडा नं ५स्थित टिम भिजन एग्रिकल्चर प्राली र गैरीगाउँ कृषि तथा पशुपक्षी फार्म तथा वडा नं १० को श्रेष्ठ बंगुर फार्ममा क्षति पुऱ्याएको हो।

शाखाप्रमुख लीलाप्रसाद सापकोटाका अनुसार उक्त रोगका कारण हालसम्म किसानको रु दुई करोडभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। अति खतरनाक मानिएको उक्त रोग नगरभित्र व्यावसायिकरुपमा पालिएको बङ्गुरमा मात्रै देखिएको हो। विभिन्न स्थानमा पालन गरिएको बङ्गुरको नमूना परीक्षणबाट गत साता उक्त रोग देखापरेको थियो। नगरले निसङ्क्रमणका लागि जैविक सुरक्षा अपनाइएको जनाएको छ।



'रोगबाट मरेका पशुलाई व्यवस्थित तवरले जमिनमा गाडिएको छ, थप सङ्क्रमण हुन नदिन हाम्रो टोलीले निसङ्क्रमणका विधि अपनाइरहेको छ' उनले भने।

शाखाप्रमुख सापकोटाका अनुसार नगर विपद् व्यवस्थापन समितिले स्थानीय किसानको क्षतिपूर्तिका लागि छलफल अघि बढाएको छ। यस्तै सम्भावित क्षेत्रमा थप परीक्षणको तयारी भइरहेको छ। नगरका विभिन्न स्थान पालिएका बङ्गुरमा उक्त संक्रमण पुष्टि भएसँगै नगरले तिनलाई ओसारपसार गर्न निषेध गरेको छ। पशु सेवा विभागले यस रोगलाई उच्च मृत्युदर भएको 'अति खतरनाक' महामारीजन्य रोग भनेको छ। विभागका अनुसार यो रोग पशुबाट मानिसमा भने सर्दैन। सन् २०१८ मा छिमेकी भारत, चीन र भूटानमा देखिएको यो रोग नेपाल प्रवेश गरेको करिब पाँच महिनापछि काभ्रेपलाञ्चोकको पनौतीमा पनि देखिएको हो।

गत वर्ष चैतमा पहिलोपटक काठमाडौंको कागेश्वरी मनोहरा क्षेत्रमा पालिएका बङ्गुरमा उच्च मृत्युदर देखा परेपछि त्यहाँबाट नमूना संकलन गरी केन्द्रीय पशुपक्षी रोग अन्वेषण प्रयोगशालामा परीक्षण गर्दा अफ्रिकन स्वाइन फिवर रोग पुष्टि भएको विभागले जनाएको छ।

# भदौ दोस्रो साता कोरोना संक्रमण उत्कर्षमा



**काठमाडौं/मस**-नेपालमा भदौको हप्तातिर कोरोना संक्रमण उत्कर्षमा पुग्ने प्रक्षेपण गरिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र विश्व स्वास्थ्य संगठनले गरेको एक प्रक्षेपणमा भदौको दोस्रो सातामा लहर उच्च विन्दुमा पुग्ने र असोजबाट विस्तारै घट्दै जाने आँकलन गरिएको हो ।

पछिल्ला दिनमा कोरोना संक्रमणको दर निरन्तर उकालो लागेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार १ असारमा परीक्षण गरिएको नमुनामध्ये ०.६२ प्रतिशतमा संक्रमण पुष्टि भएको थियो । २० साउनमा आइपुग्दा यो संक्रमण दर बढेर १५ प्रतिशतको हाराहारीमा पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारीका अनुसार संक्रमित हुँदा रोकथामका लागि कति आइसीयू, भेन्टिलेटर, बेड लगायतका अन्य समान चाहिन्छ भनेर तयारीको लागि प्रक्षेपण गरिएको छ ।

धुलिखेल अस्पतालले पछिल्लो हप्ता गरेको अनुवांशिक परीक्षण (जिन सिक्वेन्सिङ) मा प्राप्त नतिजा अनुसार ओमिक्रोनको उपप्रजाति 'बीए.फाइभ' ले मुल ओमिक्रोन (बीए.टु) विस्थापित गर्दै लगेको छ । धुलिखेल अस्पतालका प्रयोगशाला प्रमुख डा. राजीव श्रेष्ठ ओमिक्रोन मुल (बीए.टु) भन्दा सबभेरियन्ट 'बीए.फाइभ' ६० गुणा बढी रफ्तारमा फैलिने भएकाले धेरैमा यसको संक्रमणदर बढ्ने बताउँछन् ।

स्वास्थ्य मन्त्रालयका अनुसार अहिलेसम्म कुल जनसंख्याको ७३.९ प्रतिशतले एक डोज र ७०.६ प्रतिशतले पूर्ण खोप लगाएका छन् । यस्तै, २५.५१ प्रतिशत अर्थात् ७३ लाख ३४ हजार ५ सय ५ जनाले बुस्टर डोज लिएका छन् ।

यसैबीच शनिबार नेपालमा थप छ सय ६० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनका अनुसार चार हजार छ सय ८२ जनामा परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो ।

योसँगै हाल सक्रिय संक्रमितको संख्या पाँच हजार छ सय ४१ पुगेको छ । यस अवधिमा चार सय ४४ जना संक्रमणमुक्त भएका छन् । हालसम्म नौ लाख ७२ हजार ६४ जना संक्रमणमुक्त भएका छन् । यस्तै शनिबार कोरोना भाइरसको संक्रमणबाट एक जनाको निधन भएको छ । यससँगै अहिलेसम्म ११ हजार नौ सय ७१ जनाको संक्रमणबाट निधन भएको छ ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा दुई सयभन्दा बढी संक्रमित भएका जिल्ला मोरङ र कास्की रहेका छन् । संक्रमित शून्य भएका जिल्ला मनाङ, कालिकोट र हुम्ला रहेका छन् ।

यस्तै होम आइसोलेसनमा पाँच हजार चार सय ७१, संस्थागत आइसोलेसनमा एक सय ७०, सघन उपचारकक्ष (आइसीयू)मा ४६ र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा २० हजार छ सय ६६ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

## संक्रमितको 'जिन सिक्वेनसिङ' गर्ने

कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी)को बैठकले कोभिड-१९ को नयाँ भेरियन्टका सन्दर्भमा अध्ययन गर्न संक्रमितको 'जिन सिक्वेनसिङ' गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शनिबार बसेको सीसीएमसीका पदाधिकारीको बैठकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस संक्रमणबाट मृत्यु भएका सबै व्यक्ति तथा आईसीयू र एचडीसीयूमा रहेका बिरामीमध्ये प्राविधिक रुपले सम्भव भएसम्म कोभिड भाइरसको 'जिन सिक्वेन्सिङ' गर्ने व्यवस्था मिलाउने निर्णय गरेको हो । यस्तै बैठकले होम आइसोलेनसमा रहेका व्यक्तिका बारेमा मन्त्रालयसहित प्रदेश र स्थानीय सरकारबाट अनुगमन गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ ।

उक्त बैठकमा कोभिड-१९ संक्रमणको पछिल्लो अवस्थाबारे समीक्षा गरिएको थियो । संक्रमण दर बढ्दो क्रममा रहे पनि अस्पतालमा भर्ना दर न्यून रहेको तथा कोभिडबाट मृत्यु भएका व्यक्तिको अध्ययन गर्दा अन्य गम्भीर प्रकारका रोगसमेत लागेको पाइएको बैठकमा जानकारी गराइएको थियो ।

बैठकले कोभिड-१९ संक्रमितको उपचारका लागि अस्पतालमा शय्या संख्या, आईसीयू तथा भेन्टिलेटरको पर्याप्त व्यवस्था रहेकाले आत्तिनुपर्ने अवस्था नरहेको तर कोभिड-१९ प्रति अझै सतर्कता अपनाउनुपर्ने निष्कर्ष निकालेको छ । संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालन गर्न नागरिकमा अनुरोध पनि गरिएको छ । साथै बैठकले सिंहदरबार एवं भिडभाड हुने सरकारी निकायमा मास्कको प्रयोग अनिवार्य गर्न आग्रह गरेको र मास्क लगाए/नलगाएको सन्दर्भमा सिंहदरबारभित्र गृह मन्त्रालयल र अन्य सरकारी निकायमा सम्बन्धित निकायका प्रमुखबाट अनुगमन गर्ने निर्णय पनि गरेको छ । निर्माण सम्पन्न भएका होल्डिङ सेन्टरको सञ्चालनका लागि तर्जुमा गरिएको सञ्चालन कार्यविधिको मस्यौदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा उपलब्ध गराउने निर्णय समेत गरेको छ ।

# किराँत राई यायोख्या कतारले मनायो आफ्नो स्थापना दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ साउन

किरात राई यायोख्या शाखा कतारले आफ्नो १९ औं स्थापना दिवस विविध कार्यक्रम गरेर मनाएको छ । संस्थाका अध्यक्ष शंकरमान राईको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष पुरुषोत्तम सुनुवारको प्रमुख आथित्यतामा कार्यक्रम सम्पन्न भएको हो ।



कार्यक्रममा जनजाति महासंघ कतारमा आवद्ध विभिन्न मातृ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको विशिष्ट आतिथ्यता रहेको थियो ।

किरात राईहरूको बाक्लो उपस्थिति रहेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुनुवारले यायोख्या कतारले गरेका विभिन्न कार्यहरूको प्रशंसा गरेका थिए । किराँत राईहरूको भाषा, धर्म, लिपि, संस्कार र संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्दै आफ्नो हक, अधिकार र पहिचानको निम्ति प्रवासमा रहेर पनि सक्दो योगदान पुऱ्याउनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा बोल्ने वक्ताहरूले किराँतहरुको उद्गम थलो खोटाङ भएको बताउँदै किरात प्रदेशको माग गर्दै गर्दा त्यहाँ बस्ने अन्य जातजातिको अपनत्व कायम हुनु पर्ने विचार राखेका थिए । वक्ताहरूले किराँत थर नभई सभ्यता रहेको बताउँदै आफ्नो अस्तित्वको लडाईं नसकिएको बताए ।

'इतिहास, भूगोल, सभ्यता र संस्कृतिको सम्मान, १ नं. प्रदेश "किराँत प्रदेश'' समग्र प्रदेशवासीको आह्वान' भन्ने मूल नारामा ऐक्यबद्धता जनाउँदै औपचारिकरूपमा शुरुवात गरिएको कार्यक्रममा किराँती कलाकारहरूले (हामी हौं किराँती) बोलको गीतमा स्वागत नृत्य तथा अन्य थुप्रै कलाकारहरूले कार्यक्रममा आफ्ना सांगीतिक प्रस्तुति दिएका थिए ।

द्वितीय उपाध्यक्ष राजकुमार राईले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव पूर्णबहादुर राईले सहजीकरण गरेका थिए । कार्यक्रमको समापन गर्दै सभापति राईले किराँतहरुको आफ्नै गर्विलो इतिहास रहेको बताउँदै आफ्नो संस्कार र सभ्यता बचाई राख्न कहिल्यै पछि नपर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# मनाङमा ३८ योजना सम्पन्न

**नविन अंकुर/मध्यान्ह**
मनाङ, २१ साउन

मनाङमा आर्थिक वर्ष २०७८/७९ मा ३८ योजना निर्माण सम्पन्न भएका छन् । सो आवमा सुरु गरिएका पाँच योजना निर्माण सम्पन्न हुन बाँकी छन् ।

पूर्वाधार विकास कार्यालयका अनुसार पाँचै योजनाको रकम फ्रिज भएको छ । बजेट विनियोजन भए पनि समयमा निर्माण प्रक्रिया नथाल्दा रकम फ्रिज भएको कार्यालय प्रमुख जय विष्टले जानकारी दिए । गत आवमा जिल्लामा रु एक करोडको लागतमा दुई झोलुङ्गे पुल निर्माण भएका थिए ।

जिल्लामा रु ९० लाखको लागतमा ङावल ढलान बाटो, रु ५० लाखमा भ्राकास्थित मिलेरेपा गुफा जाने बाटो निर्माण गरिएको छ । यस्तै रु २९ करोडको लागतमा मुङ्जे-खाङ्सार सडक निर्माण भइरहेको छ । 'हालसम्म रु पाँच करोडबराबरको काम भइसकेको छ । बाँकी काम चालु आर्थिक वर्षमा हुनेछ,' प्रमुख विष्टले भने ।

मनाङमा तीन बहुवर्षीय योजना छन् । दुई मोटरेवल पुल र मुङ्जे टङ्की मनाङ सडक कालोपत्रको काम भइरहेको छ । चालु आर्थिक वर्ष २०७९/८० मा मनाङमा १६ योजना थप भएका छन् ।

# कपिलवस्तुको विकासका लागि प्रधानमन्त्रीलाई ध्यानाकर्षण



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, २१ साउन

नेपाली कांग्रेसका युवा सांसद अभिषेक प्रताप शाहले प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटघाट गरेका छन् ।

प्रधानमन्त्री देउवासँग कपिलवस्तुको विकास र आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका बारेमा विशेष छलफल भएको सांसद शाहले बताए ।

आगामी निर्वाचनमा कपिलवस्तुबाट कांग्रेस विजयी बनाउन प्रधानमन्त्री देउवाले आग्रह गरेको सांसद शाहले बताए । उक्त भेटवार्तामा कपिलवस्तुको कृष्णनगर नगरपालिकाका नगरप्रमुख रजत प्रताप शाहले कृष्णनगरको विकासका बारेमा प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराएका थिए ।

कृष्णनगरमा व्यवस्थित बसपार्क, ढल निकास सडक सन्जालमा केन्द्रीय सरकार तथा प्रधानमन्त्री अग्रसर रहेको मेयर शाहले बताए ।

उक्त भेटघाट कार्यमा नेपाली कांग्रेस कपिलवस्तुका युवा नेता राजेश ज्ञवालीले पार्टीको बारेमा प्रधानमन्त्रीसँग छलफल भएको बताए । कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा क्षेत्रमा सूचीकृत गर्न प्रधानमन्त्री सकारात्मक रहेको युवा नेता ज्ञवालीले बताए ।

# ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ साउन

लामो समयदेखि फरार रहेका ज्यान मुद्दाका एक जना प्रतिवादीलाई रौतहट प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी गस्ती टोलीले राजपुर नगरपालिका वडा नं १ पिपरा



टोलबाट ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका प्रतिवादी ३० वर्षीय वावुजान मियाँ कवारी भन्ने मोहम्मद मैरोदिनलाई पक्राउ गरेको हो ।

बिहीबार पक्राउ परेका मियाँलाई रौतहट जिल्ला अदालत पेश गरी आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले मध्यान्हलाई जानकारी दिएको छ ।

## कुवेतमा रोजगार

कम्पनी: HASHIM AL SHAKHS & CO. GEN. TRAD. & CONT. W.L.L.
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०२/२३ चलानी नं.: ६०१८०५०९ LT. No.: 264358 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 3 | 0 | स. काममा दक्ष | 140 | ५७,८८४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 3 | 0 | | 95 | ३९,२७९ | | | | | | | |

१. कम्पनी: AL-AYSH INTERNATIONAL GROUP FOR GENERAL TRADING & CONTRACTING CO. W.L.L. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०८/०२ चलानी नं.: ६०१६७९२७ LT. No.: 251100 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 125 | ५१,६८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २८ र २९ गते (13 & 14 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Licence No. 753/064/065

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Nagarjun-4, Sitapaila, Kathmandu. Tel: 01-4034677 , 9808577289, 9851125275, 9860836178, Email: manakamanamfec1@gmail.com

Province Government

Ministry of Water Supply, Irrigation and Energy

## Water Resources & Irrigation Development Division

Panchthar

Province No.1, Nepal

## Invitation for Bids

**Invitation for Bids No.: WRIDD-PANCHTHAR/Goods/NCB-01/2079-80**

**Date of publication: 7th August, 2022**

1. **Water Resources and Irrigation Development Division, Panchthar** invites electronic bids only from eligible bidders for the following works under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| S.N. | Contract No. | Description and Location of Work | Estimate Amount excluding VAT (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | WRIDD-PANCHTHAR/Goods/NCB-01/2079-80 | Supply of machine made gabion boxes in the office of Water Resources and Irrigation Development Division, Phidim 2, Panchthar | 38,39,845.85 | 1,26,000.00 | 120 days from deadline for submission of bids | 3,000.00 | Single Stage Single Envelope Bidding Procedure |

2. Date of Pre-bid meeting, Submission and Opening of Bids.

| Date of Pre-bid meeting | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash for Bid Security |
|---|---|---|---|---|
| 26th Aug, 2022 at 11:00 hrs at Water Resources and Irrigation Development Division, Panchthar | On or before 6th Sept, 2022 at 12:00 hrs | On 6th Sept, 2022 at 13:00 hrs at Water Resources and Irrigation Development Division, Panchthar | Nepal Bank Ltd., Panchthar Office code no.: 3370302011 Revenue Account no.: 27002000001001000001 Revenue head no.: 14229 | Nepal Bank Ltd., Panchthar Account Name: Pradesh Dharauti Khata Account number: 06702000002003000001 (Pradesh 1 kha 3) |

3. A complete set of Bidding Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. For detail information eligible bidders may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp or the office of Water Resources and Irrigation Development Division, Panchthar(Telephone: 024-522175) .

**Division Chief**

## सम्पादकीय

# न्यायालयमाथि अन्याय

सर्वोच्च अदालत सात महिनादेखि कार्यबाहक प्रधानन्यायाधीशको नेतृत्वमा चल्दै आएको छ । सत्तारूढ सांसदहरूले महाअभियोग लगाएपछि चोलेन्द्र शमशेर जबरा प्रधानन्यायाधीशबाट पदमुक्त भएका थिए । जबरा पदमुक्त भएपछि वरिष्ठम न्यायाधीश दीपक कार्कीले सर्वोच्च अदालतको नेतृत्व गर्दै आएका छन् । तर महाअभियोग प्रक्रिया अगाडि नबढाइएपछि जबरा भने निलम्बित अवस्थामै छन् । न्यायालयको गरिमा जोगाउन नसकेको आरोपमा जबरालाई महाअभियोग लगाइएको हो । महाअभियोग दर्ता भएपनि निष्कर्षमा भने पुग्न सकेको छैन । सत्तारूढ ९८ सांसदले महाअभियोग लगाएपनि अनुमोदन हुन भने दुई तिहाइ आवश्यक पर्छ । जुन सांसद संख्या सत्तारूढसँग छैन । महाअभियोग पारित गर्न प्रमुख विपक्षी दल नेकपा एमालेको साथ चाहिन्छ, जुन साथ एमालेले दिने देखिदैन ।

किनकि जबरालाई नै एमाले अध्यक्ष केपी शर्मा ओलीले साथ दिदै आएका छन् । ओली प्रधानमन्त्री हुँदा जबरासँग भागबण्डाको सहकार्य गरेकाले पनि एमालेलाई महाअभियोगको विपक्षमा उभ्याउने प्रयत्न गरिरहेका छन् । एमालेको साथ नपाउने निश्चित भएपनि सत्तारूढले महाअभियोग अगाडि बढाउनुको अर्थ पनि पारित गराउन नभएर जबरालाई रोक्ने मात्रै हो । सत्तारूढ नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालले त्यस्तो उद्देश्य लुकाएका पनि छैनन् । उनले अनुमोदन गराउन नभएर जबरालाई रोक्ने उद्देश्यले मात्रै महाअभियोग दर्ता गरिएको सार्वजनिक अभिव्यक्ति दिएका थिए । त्यैपनि महाअभियोगमाथि छानबीन समिति भने गठन भएको छ । तर प्रक्रिया अगाडि बढाउन भने हद विलम्ब गरिएको छ । यसले जबरा मात्रै रोकिएको छैन, न्यायिक नेतृत्व कार्यबाहक रूपमा चलिरहेको छ ।

अवश्य पनि जबराले प्रधानन्यायाधीशका रूपमा लिएका निर्णयहरू प्रश्नयोग्य छन् । प्रधानमन्त्रीसँग मिलेर न्यायको सौदाबाजी गर्ने, कोटामा संवैधानिक नियुक्तिदेखि मन्त्रीसम्म कोटामा लिएका छन् । मन्त्रिपरिषदमा कोटामा लिएको मन्त्रीमा पनि आफ्नै नातेदार पठाएर जबराले आफ्नो अयोग्य छरपस्ट पारेका छन् । तर जबराले न्यायिक नेतृत्व कुशलतापूर्वक निर्वाह गरेनन् भन्दैमा कार्यपालिका वा व्यावस्थापिकाले आफ्नो भूमिका भुल्न हुन्न । जबरामाथि त सर्वोच्च अदालतकै न्यायाधीशहरूले हड्ताल गरेका थिए । कानून व्यावसायीहरूको छाता संस्था नेपाल बार एशोसियशनले जबरालाई हटाउनुपर्ने मागसहित चरणबद्ध आन्दोलन गरेका थिए । त्यसैले जबरामाथि छानबीन स्वभाविक थियो । तर छानबीन पनि नगर्ने, तर महाअभियोग अल्झाइरहने गर्नु विधिको शासन र संवैधानिक सर्वोच्चता अनुरूप हुन्न । यसतर्फ ध्यान जान जरूरी छ ।

# गठबन्धनको भविष्य

*गठबन्धन गर्नुपूर्व आन्तरिक असन्तुष्टीलाई प्राथमिकता दिएर समाधान खोज्नु दलहरूको निम्ति आवश्यक थियो । तर, एकातिर दलका नेताहरूले आन्तरिक असन्तुष्टीलाई वेवास्ता गरेका छन् भने अर्कोतिर गठबन्धनकै विषयमा देखिएका कतिपय असन्तुष्टीलाई मुख्य दलले ध्यान दिएका छैनन् ।*

**अग्रलेख**



● नविनचन्द्र पोखरेल

नेपाली कांग्रेसका सभापति एवम् प्रधामन्त्री शेरबहादुर देउवाले कांग्रेसको विधान विपरीत कार्य गरेको भनेर शेखर कोइराला समूह विरोधमा उत्रिएको छ । तर, यहाँ शेखर कोइराला समूहको रणनीति देउवालाई दवाव दिने र पार्टीमा आफ्नो स्थान बलियो बनाउने देखिन्छ । नेपाली कांग्रेसको केन्द्रीय कमिटीमा प्रधानमन्त्री देउवाको बहुमत रहेको छ । गत वर्ष भएको कांग्रेसको महाधिवेशनमा प्रधानमन्त्री शेरबहादुर देउवाको पक्षमा करिब ८० प्रतिशत सदस्यहरु रहेका थिए । देउवाले बहुमतको आधारमा पार्टीभित्र आफ्नो अनुकुल निर्णय गराउन सक्छन् र कोइराला समूहलाई पेलेर जान सक्छन् । यही डरको कारण शेखर समूह पार्टीमा आफ्नो स्थान सुरक्षित बनाउन चाहन्छ ।


अहिले आन्तरिक कलहले गर्दा कांग्रेसभित्र गुट र उपगुट निर्माण भएको छ । कांग्रेसका वरिष्ठ नेताहरु आफ्नै गुटको भेला गरिरहेका छन् । भर्खरै सम्पन्न भएको केन्द्रिय कमिटीको बैठकमा शेखर समूह चर्को विरोधमा उत्रिएको थियो । उनीहरुको माग पार्टी विधानअनुसार सभापति देउवा नचलेको र उनले एकलौटी पाराले पार्टी सञ्चालन गरेको भन्ने थियो । सरकारले कुनैपनि ठोस काम नगरेको र भ्रष्टचारलाई बढावा दिएको उनीहरुको आरोप छ । कांग्रेसभित्रको आन्तरिक विवादको कारण आगामी निर्वाचनसम्म गठबन्धनको भविष्य के हुने भन्ने अन्योल देखिएको छ ।

प्रधानमन्त्री देउवा यो गठबन्धनलाई आगामी निर्वाचनसम्म टिकाउने पक्षमा छन् । भर्खरै सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसले पहिलो स्थान हासिल गरेको थियो । गठबन्धनले नेपाली कांग्रेस र माओवादी केन्द्रलाई उसले सोचेभन्दा पनि राम्रो नतिजा दिएको हुनाले प्रचण्ड पनि गठबन्धनबाट अलग हुन चाहँदैनन् । तर कांग्रेस पार्टीभित्र शेखर गुट भने गठबन्धनबाट कांग्रेसलाई फाइदा नभएको दावी गर्दछन् । पार्टीको करिब ४० प्रतिशत सदस्यहरुलाई बेवास्था गरेको कारण आफुहरु विरोधमा उत्रनु परेको शेखर पक्षको भनाई छ ।

नेपाली कांग्रेसको विद्यार्थी संगठन नेविसंघले सानेपास्थित पार्टीको केन्द्रीय कार्यालय अगाडि बेला बखत विरोध प्रदर्शन गरिरहेका हुन्छन् । उनीहरुको माग सभापति देउवाले कोइराला पक्षका सदस्यहरुलाई पाखा लगाउने काम बन्द गर्नुपर्ने र पार्टीलाई एक ढिक्का बनाएर लैजानु पर्ने छ । तर, देउवाले आन्तरिक विषयलाई त्यति प्राथमिकतामा पारेका छैनन् । जति विरोध गरिए पनि पार्टी आफ्नो योजना मुताबिक अगाडि बढ्ने विश्वासमा देउवा देखिन्छन् । गठबन्धनबीच सहकार्यको कुराकानी गरिरहँदा देउवाले आन्तरिक विवादलाई खासै महत्व देखिएको देखिन्न ।

कोइराला पक्षले देउवाका यस्ता कदमहरुलाई रोक्न आफ्नो गुटको भेलालाई तिव्र बनाएका छन् । गत वर्ष माघ महिनामा भएको महाधिवेशनमा शेखर कोइराला थोरै मतले मात्र देउवासँग पराजित भएका थिए । यसले के देखाउछ भने पार्टीभित्र देउवासँग असन्तुष्ट सदस्यहरु उल्लेख्य संख्यामा रहेका छन् । जो केन्द्रिय कमिटीमा कोइराला समूहको कमजोर भूमिका रहेपनि आगामी निर्वाचको मत परिणाममा भने उनीहरुको प्रभाव रहने आंकलन धेरैको छ ।

पछिल्लो समयमा सरकारले अमेरिकी रणनीतिक कार्यक्रम एसपीपी सम्झौता गर्ने पत्र बाहिरिए पछि सरकारको तिव्र आलोचना भएको थियो । प्रतिपक्षलगायत आफ्नै पार्टीका वरिष्ठ नेताहरुले यसको चर्को विरोध गरेका थिए । यो अमेरिकाको इण्डो प्यासिफिक रणनीतिअन्तर्गत रहेको कार्यक्रम भएको हुनाले नेपालले यसमा



*कांग्रेसभित्रको आन्तरिक विवाद बढ्दै गएको छ । पार्टीभित्र ४० प्रतिशत मतको प्रतिनिधित्व गर्ने शेखर कोइराला पक्षलाई वेवास्ता गर्दै भएका एकलौटी निर्णयहरुले विवादलाई बढाउन थप टेवा पुऱ्याइरहेको छ । यदि सभापतिको हैसियतमा देउवाले समयमै विवाद व्यवस्थापन गर्न नखोजे आन्तरिक विवादले कांग्रेसलाई निकै संकटमा समेत पुऱ्याउन सक्छ ।*

सहमति जनाउनु हुँदैन भन्ने आम धारण रहेको थियो । सरकारको चर्को विरोध भएपछि देउवा यस सम्झौताबाट देउवा पछि हटेका थिए । सरकारले यस कार्यक्रमा सहभागी नहुने भनेर मन्त्रीपरिषदले निर्णय गऱ्यो तर, अमेरिकालाई पत्राचार गर्न देउवाले निकै आनाकानी गरे । परराष्ट्रमन्त्रीले पत्र पठाएको स्पष्टीकरण संसदमा दिएको भएपनि सरकारले पत्र भने सार्वजनिक गरेको छैन । जसले सरकार नेतृत्वप्रति पार्टीभित्रै र बाहिर गम्भीर खालका प्रश्नहरु उठेका छन् ।

प्रधानमन्त्री देउवाले सरकार र पार्टी मनपरी ढंगले सञ्चालन गरेको र पार्टीको विधान विपरित आफ्नो पक्षका मान्छेहरुलाई मात्र पार्टीको इकाईहरुमा नियुक्ति गरेको र सरकारले एकपछि अर्को गल्तीहरु दोहोऱ्याउदै गएको भनेर संसदमा उनकै पार्टीका महासचिव गगन थापाले समेत विरोध गरेका थिए । बजेट निर्माणमा नेपाली काङ्गेसको भूमिका गौण बनाएको र मध्ये रातमा विदेशी व्यक्तिहरुलाइ लगेर करका दरहरु परिवर्तन गरेको, नेपाली उद्योगधन्दाहरुलाई हतोत्साहित गर्ने नीति ल्याएको सिमित व्यक्तिहरुलाई मात्र फाइदा पुग्नेगरी सरकारले कर लगाएको र उत्पादनभन्दा आयातलाई प्रोत्साहन गरेको आदि सरकारको अलोकप्रिय निर्णयहरुले गर्दा आन्तरिकरूपमा कांग्रेस कमजोर बन्दै गएको छ । यसले देउवालाई आफ्नै पार्टीभित्र अलोकप्रिय बनाउँदै लगेको छ । उपसभामुखको निर्वाचनलाई लिएर कांग्रेस पार्टीभित्र पनि विवाद सुरु भएको देखिन्छ । यसरी हेर्दा प्रधानमन्त्री देउवाको आगामी दिन त्यति सहज हुने छैन ।

देउवा नेतृत्वको गठबन्धन सरकारले अन्तराष्ट्रिय बजारमा भएको मुल्यबृद्धिलाई नियन्त्रणमा राख्ने कुनै प्रयास गरेन । बजारभाउ दिन प्रतिदिन बृद्धि हुँदै गइरहेको अवस्थामा गठबन्धन सरकारप्रति जनताको आक्राश बढेको छ । ठूला व्यापारी र भ्रष्टचारलाई संरक्षण गरेको भनेर सरकारको चौतर्फी विरोध भएको छ । यसले आगामी चुनावमा यही गठबन्धन कायम रहेपनि जनताले भोट दिन्छन् भन्नेमा कांग्रेसका नेताहरु ढुक्क हुन सकेका छैनन् । सहमतिमा साझेदार देखिएपनि गठबन्धनभित्रकै दलहरु सन्तुष्ट देखिन्नन् । एकीकृत समाजवादी र जसपाले मुख नै खोलेर असन्तुष्टी जनाएका छन् । यसरी हेर्दा, आगामी चुनावसम्म यही गठबन्धन कसरी जाला भन्ने प्रश्न देखिएको छ । गठबन्धन कायमै रहेपनि आर्थिक कठिनाइहरुलाई सरकारले उचितरूपमा सम्वोधन गर्न नसकेकोले निर्वाचन परिणाम गठबन्धनको पक्षमा जाँदैन भन्ने एक पक्षको भनाई रहेको छ ।

नेपाली कांग्रेसमा अहिले देखिएको आन्तरिक कलह प्रधानमन्त्री देउवाको निर्णयको परिणाम हो । वरिष्ठ नेताहरुमा आफ्नो स्थान पार्टीमा कसरी स्थापित गर्ने होडबाजी नै चलिरहेको छ । देउवासँग असन्तुष्ट कतिपय सदस्यहरु केन्द्रीय कमिटीमा देउवाको बहुमत रहेको हुनाले खुलेर विरोध गर्न सकिरहेका छैनन् । प्रधानमन्त्री देउवाले गत हालै पार्टीको विधान संशोधन गरेर भएपनि फेरि सभापति बन्ने भनेपछि विवाद झन् बढेर गएको छ । नेपाली कांग्रेसको विधानमा दुई कार्यकाल सभापति भैसकेको व्यक्ति अर्कोचोटी सभापतिको उम्मेदवार बन्न सक्दैन । देउवाले धेरैजसो मन्त्रालयहरुमा मन्त्री नियुक्त नगरी आफैसँग राख्नुले पनि देउवालाई पाटीभित्रबाट निकै ठुलो दवाव आएको बुझ्न सकिन्छ । कांग्रेसका कतिपय सदस्यहरु मन्त्रीपरिषद् पाउने आशामा देउवाको खुलेर विरोध गर्न सकिरहेका छैनन् । यसले आगामी चुनावमा प्रभाव पार्न सक्छ भन्ने विश्लेषकहरुको धारणा रहेको छ ।

अन्तमा, गठबन्धन सरकार अहिले कांग्रेस र माओवादी केन्द्रको बाध्यता बनेको अवस्था छ । कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी एक्ला-एक्लै चुनावमा जाने अवस्थामा छैनन् किनकी गठबन्धन गरेर स्थानीय तहको निर्वाचनमा जाँदा पनि नेकपा (एमाले बलियो) प्रतिस्पर्धी बनेको थियो । कोइराला पक्ष भने आगामी चुनावमा गठबन्धन गरेर जाने पक्षमा छैनन् । जसले उनीहरुको पकड क्षेत्रमा गठबन्धनको उम्मेदवारलाई चुनाव जित्न त्यति सजिलो भने हुने छैन । असन्तुष्ट कोइराला समूहले केन्द्रीय तहमा दवाव बढाउँदै लगेमा यो गठबन्धन सरकार आगामी चुनावसम्म जाने अवस्था नरहन पनि सक्छ किनकी पार्टीका प्रभावशाली नेता तथा उपाध्यक्ष विमलेन्द्र निधी र प्रकाशमान श्रेष्ठ पनि देउवाको विरोधमा अभिव्यक्ति दिइरहेका छन् । अहिले गठबन्धन पाँच दलकै निम्ति बाध्यात्मक देखिन्छ । तर, गठबन्धन गर्नुपूर्व आन्तरिक असन्तुष्टीलाई प्राथमिकता दिएर समाधान खोज्नु दलहरुको निम्ति आवश्यक थियो । तर, एकातिर दलका नेताहरुले आन्तरिक असन्तुष्टीलाई वेवास्ता गरेका छन् भने अर्कोतिर गठबन्धनकै विषयमा देखिएका कतिपय असन्तुष्टीलाई मुख्य दलले ध्यान दिएका छैनन् । जसकारण आगामी समय गठबन्धनलाई अगाडि बढाउनसहज हुने देखिन्न ।

## सामाजिक सञ्जाल



- राधाकृष्ण कटवाल

मंसिर ४ मा हुने निर्वाचन अघि समानुपातिक र संघीयता खारेज गर्ने अभियान चलाऔं र तीन जना शीर्ष नेता प्रचण्ड, ओली र देउवाको सिन्डिकेटबाट देशलाई मुक्त बनाऔं । साथै झलनाथ, माधव, वामदेव, रामचन्द्र, उपेन्द्र, महन्त, राजेन्द्र महतो, विष्णु, ईश्वर, बादल, जनार्दन जस्तालाई चुनावबाट विदाई गरौं र गराऔं ।



- सेतेमान तामाङ

लोकतन्त्रवादीहरू निर्वाचनलाई चाडपर्वको रूपमा लिने गर्दछन् भने अधिनायकवादीहरू निर्वाचनबाट भाग्न खोज्ने वा निर्वाचन बिथोल्न खोज्ने प्रयत्न गर्दछन् । निर्वाचन भनेको नेतृत्व परिवर्तन मात्रै नभई नेतृत्व सुदृढीकरण र जनताको अधिकारलाई सुनिश्चित गराउनु पनि हो ।



- मुमाराम खनाल

सहकारी संस्थामा देखिएको जोखिम र चूनौतीले ठूलो आकार ग्रहण नगर्दै चाँडोभन्दा चाँडो बचतकर्ताको आत्मविश्वास र निक्षेप सुरक्षाको ग्यारेण्टी दिनुपर्‍यो । नत्र समस्या सर्दै सर्दै लघुवित्त, विकास बैंक हुँदै वाणिज्य बैंकसम्म आईपुग्दा धेरै ढिलो होला है । सचेत होउँ !



- रामेश कोइराला

राजावादी र हिन्दुवादी बिद्वानले आफ्ना अजेण्डा बोकेकाले केपी ओली र कम्युनिस्टको समर्थन गर्नुपर्ने दिन आउनेछ भनेर चैं स्वयम् वीपी त के हर साल आउने साउनका महादेवले समेत सोचेका थिएनन् । देवीलाई बली दिँदै नास्तिक बन्न सजिलो छ र ? बहुरूपिया वह है, लेकिन पद के लिये हम कम है क्या ?



- लक्ष्मण घिमिरे

अबको निर्वाचनमा प्रमुख पार्टीहरूको चुनावी नाराहरू के-के होलान् ? विकास, सुशासन, सुन्य भ्रष्टाचार, रोजगारी, महँगी नियन्त्रण इत्यादी त गफै नहो सम्धि ज्यू ! अनि चुनावी नाराहरू त केवल एउटाले अर्कालाई गालिगलोजमा (म त चोर मात्रै, उ त डाँका नै हो) मुलतः केन्द्रित रहने देखिन्छ, कि कसो हो ?

# मधेश राजनीति र भ्रष्टाचार

**टिप्पणी**



● जयप्रकाश गुप्ता

मधेस प्रदेश सरकारको 'बेटी बचाऔं, बेटी पढाऔं' कार्यक्रमअन्तर्गत साइकल खरिदमा १० करोड ३३ लाख भ्रष्टाचार भएको अख्तियारको निष्कर्षसहित मुख्यमन्त्री कार्यालयका तत्कालिन सचिवसहित केही कर्मचारी उपर विशेष अदालतमा मुद्दा दर्ता गरिएको छ । यस विषयमा अख्तियारले शुरूवाती कारवाही थाल्दा मधेस प्रदेशका मुख्यमन्त्रीको कार्यालयमा छापा मारेको थियो । त्यो कार्यालय भनेको मुख्यमन्त्रीको अफिस हो । प्रदेश मुख्य सचिवको होइन । यस कार्यालयमा भएका राम्रा नराम्रा सबै कार्यको जिम्मेवारी मुख्यमन्त्रीको हुन्छ । यस कारवाहीबारे अख्तियारले "प्रारम्भिक छानबिनबाट मुख्यमन्त्री कार्यालयको संलग्नता देखिएकोले छापा मारिएको" बताएको थियो । अख्तियारको यो वक्तव्य पत्र पत्रिकाहरूको अभिलेखमा सुरक्षित छ । यसपछि उपेन्द्र यादवको पार्टी जसपाले मुख्यमन्त्री अफिसको बचाव गरेको थियो । उपेन्द्रले यही निहूँमा लालबाबु राउतको पखेटा काट्न सोचेका थिए, तर यसबाट जसपा पनि नजोगिने बताइएपछि उनी चुप लागे । यद्यपि जसपाले सामान्य रूपमा बिरोध जनायो ।

उपेन्द्र यादव वर्तमान सत्ता गठबन्धनमा सामेल भएपछि भ्रष्टाचारको सवालमा पूर्वप्रम केपी शर्मा ओलीका विरूद्ध सर्वाधिक मुखर रहेका हुन् । केही दिन अघि मात्र एक टिभी अन्तर्वार्तामा उपेन्द्रले सबै नेताहरूको कडाईका साथ सम्पत्तिको छानबिन गरिनुपर्ने बताएका कुरा मानिसहरूले बिर्सेका छैनन् । साईकल खरिद काण्डमा उनका मुख्यमन्त्रीको संलग्नता स्पष्ट छ । उपेन्द्रले मुख्यमन्त्रीलाई जोगाए । प्रम देउवाले उपेन्द्रको फरियाद बुझे ।

अहिले मधेस प्रदेशमा जसपाको प्रतिपक्षमा लोसपा रहेको छ । महन्थ ठाकुर र राजेन्द्र महतोको पार्टी । जितेन्द्र सोनल प्रतिपक्षका नेता हुन् । तर, यत्रो ठूलो भ्रष्टाचार काण्डमा लोसपा मौन भएको छ । साईकल खरिद गरिदाँ आजका लोसपा पनि प्रदेश सरकारमा थियो । "हमाम के भितर सब नङ्गे होते है" यस भनाईलाई आत्मसात गर्दै लोसपा मौन भएको छ । लोसपा यसरी प्रतिपक्षी धर्मबाट च्यूत भएको छ । सिके राउतको जनमत पार्टीले बिरोध जनाउदै मुख्यमन्त्रीको राजीनामा मागेको छ । हेर्नुछ, जनमत पार्टीले यस मुद्दालाई कसरी उठाउने छ ।

उपेन्द्र यादवमा मन नपरेका मानिसलाई फसाउन सक्ने र मन परेकालाई जोगाउन सक्ने "सदाबहार राज्यशक्ति"

*उपेन्द्र यादव वर्तमान सत्ता गठबन्धनमा सामेल भएपछि भ्रष्टाचारको सवालमा पूर्वप्रम केपी शर्मा ओलीका विरूद्ध सर्वाधिक मुखर रहेका छन् । केही दिन अघि मात्र एक टिभी अन्तर्वार्तामा उपेन्द्रले सबै नेताहरूको कडाईका साथ सम्पत्तिको छानबिन गरिनुपर्ने बताएका थिए । तर, साईकल खरिद काण्डमा उनका मुख्यमन्त्रीको संलग्नता स्पष्ट देखिँदा पनि उपेन्द्रले जोगाए ।*

को गुण प्रवेश गरेको छ । यसले गर्दा "पञ्चायत काल" देखि आज पर्यन्तका सत्ताका दलालहरू, भ्रष्टहरूको आकर्षक अभ्यर्चन स्थल जसपा हो नै । मैले यसो लेख्दा अदालतबाट दोषि ठहऱ्याइएका भ्रष्टाचारीले यसो भन्न मिल्छ र ? धेरैले भन्लान् । तरपनि, म अन्तरआत्माबाट भन्दछु कि जसपा यस्ताहरूको अभयारण्य हो । उपेन्द्रका एक मुख्य लगानी कर्ता बदनाम ठेकेदार सांसद र स्वयम् उपेन्द्रका नपाका हालै निर्वाचित मेयर भ्रष्टाचारको मुद्दाका कारण निलम्बित छन् । यही ठूलो प्रमाण हो ।

उपेन्द्रले मुख्यमन्त्री लालबाबुलाई जोगाएका छन् । तर, सुशासनको सवालमा मधेसी भावनालाई फसाएका छन् ।



नेपालका सात प्रदेशका सात मुख्यमन्त्री मध्ये एक आफ्नो पार्टीका भएकोमा गर्व गर्न सक्छन् । तर उनी जसपालाई परिवर्तनकारी ठानेर मत दिने मधेसी जनताको शीरलाई लज्जित बनाएका छन् । मधेसका चापलुस नागरिक समाज, मर्यादाहीन नौकरशाह, समान सोच बिरादरीका प्रतिपक्ष, जातीय अभिमानको भ्रममा डुबेका समाज, अकर्मण्य राजनीति कार्यकर्ताहरू र मधेसी राजनीतिक नेताहरूको "नथ" (नाकको फुली) फुकाल्न अभ्यस्त एवम् अनुभवी संघीय मालिकहरू रहुन्जेल उपेन्द्रले लालबाबुहरूलाई यस्ता कुकृत्यबाट पोषण दिन पाइरहनेछन् ।

कहिलेसम्म हो थाहा छैन, तर आशा राखौं एक दिन मधेसी मतदाताहरूले पनि बुझ्ने छन् कि उपेन्द्र यादव "स्नानागारमा रेनकोट लगाएर नुहाउन खप्पिस छन् ।" स्वच्छताको जलधार रेनकोट बाहिरबाटै चुहिएर जान्छ ।

# इजरायल र प्यालेस्टाइनबीच पुनः भड्कियो हिंसा



**काठमाडौं/एजेन्सी–** वर्षौंदेखि इजरायलले घेराबन्दीमा रहेको गाजा पट्टीमा शुक्रबार इजरायली युद्धविमानले आक्रमण गर्दा इस्लामिक जिहाद समूहका कमाण्डर र एक बालिकासहित कम्तीमा १० जनाको मृत्यु भएको छ।

इस्लामिक जिहादको सैन्य शाखा अल-कुद्स ब्रिगेडका कमाण्डर तैसिर अल-जबारी गाजा शहरको मध्यभागमा रहेको प्यालेस्टाइन टावरको एउटा अपार्टमेन्टमा मारिएका थिए। सो टावरमा इजरायली युद्धविमानले आक्रमण गरेको समूहले जनाएको छ।

गाजाको स्वास्थ्य मन्त्रालयले अल-जबारी र पाँच वर्षीया एक बालिकासहित कम्तीमा १० जनाको मृत्यु भएको जनाएको छ। आक्रमणमा कम्तीमा ५५ जना घाइते भएको र उनीहरूको उपचार भइरहेको मन्त्रालयले बताएको छ।

पाँच वर्षीया बालिका अला कद्दौम आफ्नो बुबासँगै सामान किन्न मोटरसाइकल चढेर बजार जाँदै थिइन्। उनी सवार मोटरसाइकलमा मिसाइल प्रहार भएको थियो। उनकी आम अहिले पति र छोरीको मृत्युपछि बेहोस रहेको अस्पताल स्रोतले बताएको छ।

प्यालेस्टाइन भवनको सातौं तलाबाट धुवाँ निस्किरहेकै समयमा सिभिल डिफेन्स टोलीले घटनास्थलमा फसेका मानिसहरूलाई बाहिर निकालिरहेका देखिन्थे। उनीहरूले आक्रमणका कारण लागेको आगो पनि निभाए।

शुक्रबार गाजाभर धेरै वटा विस्फोटहरू सुनिएको थियो। इजरायली ड्रोनहरूले शरको आकाशमा चक्कर लगाएको सुनिएको थियो। आक्रमणको प्रतिक्रियामा गाजाबाट हमासले पनि इजरायलतर्फ रकेट प्रहार गरेको थियो। जसमध्ये धेरैलाई इजरायलको मिसाइल प्रतिरक्षा प्रणाली 'आइरन डोम' प्रणालीले आकाशमै नष्ट गरेको थियो।

पछिल्लो आक्रमण नियन्त्रित वेस्ट बैंकको जेनिनबाट प्यालेस्टाइनी नेता बसम अल-सादीलाई गिरफ्तार गरेपछि इस्लामिक जिहाद र इजरालबीच बढेको तनावपछि शुरु भएको हो।

गाजा क्षेत्रमा शासन गरिरहेको हमास समूहका एक वरिष्ठ अधिकारी गाजी हमादले 'पछिल्लो आक्रमण एक क्रुर अपराध र गाजा क्षेत्रका बासिन्दाविरुद्धको नरसंहार'को संज्ञा दिए। हमासले इजरायलको पछिल्लो आक्रमणको कुनै तर्कसंगत कारण नभएको बताए।

गाजामा शासन गर्ने हमासबीच विगत १५ वर्षमा चारवटा युद्ध भइसकेका छन् भने धेरै साना झडपहरूमा संलग्न छन्। इजरायलले यस हप्ताको शुरुदेखि नै गाजा वरपरका सडकहरू बन्द गरेर सीमानामा आउजाउ कडाइ गरेको थियो। ती कदमबाट उसले कुनै कारबाहीको संकेत गरिसकेको थियो।

इस्लामिक जिहादका एक अधिकारी अहमद मुदलालले समूहले इजिप्टका मध्यस्थकर्ताहरू मार्फत इजरायलको हिरासतमा रहेका नेता अल-सादी र अर्का एक कैदीको रिहाइ, वेस्ट बैंक आक्रमणहरू रोक्नुपर्ने र गाजामाथिको वर्षौंदेखिको नाकाबन्दी हटाउनेलगायतका मागहरू राखेको बताए। तर इजरायले त्यसको कुनै प्रतिक्रिया नदिएको पनि उनले बताएका थिए। अमेरिकाले शुक्रबार नै इजरायलको घातक हवाई हमलाको प्रतिरक्षा गर्दै वक्तव्य निकालेको छ।

# चीनले अमेरिकासँगको प्रमुख मुद्दाहरूमा सहकार्य रोक्ने



**काठमाडौं/एजेन्सी–** अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणपछि आक्रोशित बनेको चीनले अमेरिकासँगको प्रमुख मुद्दाहरूमा सहकार्य रोक्ने भएको छ। चीनले जलवायु परिवर्तन, सैनिक वार्ता र अन्तर्राष्ट्रिय अपराध विरुद्धको युद्ध लगायतका थुप्रै क्षेत्रमा अमेरिकासँगको सहकार्य रोक्न लागेको हो।

अमेरिकी सभामुख पेलोसीले हालै गरेको ताइवानको संक्षिप्त तर विवादास्पद भ्रमण गरेकी थिइन्। चीनले पेलोसीको भ्रमणले ताइवानमाथि आफ्नो सार्वभौमसत्तामा चुनौती दिएको भन्दै पेलोसी र उनको परिवारलाई प्रतिबन्ध लगाउने घोषणा पनि गरेको छ।

स्वशासित ताइवानले आफू चीनको मुख्य भूमिबाट पृथक ठान्छ। यी कदमहरू चिनियाँ विदेश मन्त्रालयले शुक्रबार घोषणा गरेको हो। विदेश मन्त्रालयले भनेको छ, 'अमेरिकी र चिनियाँ रक्षा अधिकारीहरूबीचको वार्ता रद्द हुनेछ। त्यसैगरी अवैध आप्रवासीहरू फिर्ता गर्ने तथा जलवायु परिवर्तन र अन्तर्राष्ट्रिय अपराध अनुसन्धान सम्बन्धी आपसी सहकार्य निलम्बन गरिनेछन्।'

पछिल्ला केही वर्षदेखि यी दुई शक्ति राष्ट्रले जलवायु परिवर्तनविरुद्ध लड्ने विषयमा हार्दिक कूटनीतिक सम्बन्ध राख्दै आएका थिए।

जलवायु सम्बन्धमा गत वर्ष ग्लास्गोमा आयोजित शिखर बैठकमा चीनले कार्बन उत्सर्जन कटौतीका लागि अमेरिकासँग तदारुकताका साथ लाग्ने प्रतिबद्धता जाहेर गरेको थियो। साथै चीन र अमेरिकाले फेन्तानिल जस्ता औषधिहरूको अवैध व्यापारविरुद्ध संयुक्तरूपमा लड्ने मनसाय पनि प्रकट गरेका थिए।

पलोसीको भ्रमणले धेरैजसो ख्याल नगरिएको ताइवानलाई मानिसहरूको चासोको विषय बनाएको छ। चीनले ताइवानलाई छुट्टिएको प्रान्तका रूपमा हेर्छ र अन्ततः बेइजिङकै नियन्त्रणमा आउने ठान्छ। यद्यपि, स्वशासित ताइवानले भने आफू मुख्य भूमि चीनबाट अलग्गै रहेको बताउँदै आएको छ ठान्छ।

तर विश्व नेताहरूले ताइवानलाई त्यसरी हेरे चीन क्रुद्ध हुन्छ। जलवायु परिवर्तनसहितका मुख्य विषयहरूमा बेइजिङले सहकार्य स्थगित गर्ने घोषणा गरेसँगै ताइवानलाई लिएर चीन र अमेरिकाबीचको विवाद गहिरिएको छ। अमेरिकाले चीनको सैन्य अभ्यास गैरजिम्मेवार कदम भएको र नियन्त्रण बाहिर जान सक्ने बताएको छ।

# बंगलादेशमा इन्धनको मूल्यमा भारी वृद्धि

**काठमाडौं/एजेन्सी–** बंगलादेश सरकारले इन्धनको मूल्य इतिहासकै सबैभन्दा उच्च बनाएको छ। सन् १९७१ मा देश स्वतन्त्र भएपछि पहिलोपटक खुद्रा इन्धनको मूल्यमा उच्च वृद्धि भएको हो।



बंगलादेश सरकारले शुक्रबार राति आजदेखि लागू हुने गरी इन्धनको मूल्य ५१.७ प्रतिशतले बढाएको हो। ऊर्जा तथा खनिज स्रोत मन्त्रालयले जारी गरेको मूल्य सूचनाअनुसार अहिले एक लिटर अक्टेनको मूल्य १३५ टाका पुगेको छ। शुक्रबार अपराह्नसम्म सोही परिमाणको पेट्रालको मूल्य ८९ टाका थियो। डिजेल र मट्टितेलको मूल्य पनि ४२.५ प्रतिशतले बढाएर प्रतिलिटर ११४ टाका कायम भएको छ। पेट्रोलको मूल्य ४४ टाकाले बढेर १३० पुगेको छ।

अधिकारीहरूले भने कि खुद्रा स्तरमा पछिल्लो मूल्य वृद्धि राज्य सञ्चालित वितरण कम्पनीहरूलाई दिइएको सहुलियतको बोझ कम गर्न अपरिहार्य भएकाले इन्धनको मूल्य बढाइएको उक्त मन्त्रालयले प्रेस विज्ञप्ति निकालेर जनाएको छ। साथै मन्त्रालयले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बंगलादेशको भन्दा धेरै बढी भएको बताएको छ।

आर्थिक क्षेत्रका जानकाररूले इन्धनको मूल्यवृद्धिले मुद्रास्फीतिलाई बढाउने बताएका छन् गत जुनमा मुद्रास्फीति बढेर ७.५६ प्रतिशत पुगेको थियो। बितेका नौ वर्षयता पहिलोपटक यति उच्च बिन्दुमा मूल्यवृद्धि पुगेको हो।

## मलेसियामा रोजगार

कम्पनी: BUMI ILHAM SDN BHD
शहर: Malaysia, SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०४/१६ चलानी नं.: ६०१८४५७१ LT. No.: 268738

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 300 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा २०७९ साउन २९ गते (14 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com
श्रम इजाजत नं ८१०/०६५/०६६

## Romania मा रोजगार

कम्पनी: SOLARIS JOBS SRL
शहर: Romania
पुर्व स्वीकृत मितिः २०७८/११/२७ चलानी नं.: ६०१७५७८८ L.T. No.: 248879 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurent Worker | 20 | 5 | सम्बन्धित काममा दक्ष | 550 | ६९,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 14 | 5 | | 550 | ६९,५६४ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 550 | ६९,५६४ | | | | | | | |
| 4. | Cleaner | 10 | 5 | | 550 | ६९,५६४ | | | | | | | |
| 5. | General Worker | 9 | 5 | | 550 | ६९,५६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २९ गते (14 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ६०,०००/- कामदारले तिर्ने |

नोटः क्लिनर (Cleaner) लाई विशेष प्राथमिकता दिईन्छ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Gov. Lic No. 1140/073/074
**Al Raas Recruitment Services Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Nepal, Tel : 01-4375437 Mobile : 9823422405, 9844501493, 9849813471
Email : alraasreception7@gmail.com, hralraas7@gmail.com

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०४/२२

यस कम्पनीको मिति २०७९/०३/२० मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एस. के. एकेडेमी इन्टरनेशल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १८०९२३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/२७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मोनार्की एजुकेशनल कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## MALAYSIA मा रोजगार

कम्पनी : YAT GUAN (M) SB
शहर: Malaysia, Jalan
पूर्व स्वीकृत मितिः २०७९/०४/२० चलानी नं.: ६०१८४५७० LT. No.: 268728

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २९ गते (14 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np
श्रम इजाजत नं.: १२५/०५५/०५६
Certificate No.:15956

## मलेसिया र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः JIA JIA BAH KUET TEH RESTAURANT शहर : Malaysia, JOHOR
पूर्व स्वीकृत मितिः २०७९/०४/२० चलानी नं.: ६०१८४५७६ L.T. No.: 268461

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः JUICES FACTORY TRADING COMPANY शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०७९/०४/२० चलानी नं.: ६०१८४५७७ L.T. No.: 268376

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ४०,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २९ गते (14 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 01-5100475, 9851178332
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np
श्रम इजाजत नं.: ८८०/०६७/०६८

## CYPRUS मा रोजगार

१. कम्पनीः P.KYRIACOU & SONS LTD शहरः Cyprus
पुर्व स्वीकृत मितिः २०७७/१२/०५ चलानी नं.: ६०१५५७६८ L.T. No.: 237517 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/caregiver | 0 | 2 | स. काममा दक्ष | 309 | ३९,९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः DANA & THOMAS (CYPRUS) SERVICES LTD. शहरः Cyprus
पुर्व स्वीकृत मितिः २०७८/०२/२६ चलानी नं.: ६०१५८६१३ L.T. No.: 240825 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 1 | सम्बन्धित काममा दक्ष | 309 | ३९,९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labourer | 0 | 1 | | 450 | ५८,१६७ | | | | | | | |

३. कम्पनीः CHRYSTALLA MERKOURI शहरः Cyprus
पुर्व स्वीकृत मितिः २०७८/१०/१३ चलानी नं.: ६०१७३४८१ L.T. No.: 257049 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker / Care Giver | 0 | 1 | स. काममा दक्ष | 309 | ३९,९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः S. MERK. ENTERPRISES LTD. शहरः Cyprus
पुर्व स्वीकृत मितिः २०७८/०६/०७ चलानी नं.: ६०१६३५८९ L.T. No.: 246356 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker / Care Giver | 0 | 1 | सम्बन्धित काममा दक्ष | 309 | ३९,९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | worker/labor | 4 | 0 | | 450 | ५८१६७ | | | | | | | |

५. कम्पनीः ANNA TSIGARIDOU शहरः Cyprus
पुर्व स्वीकृत मितिः २०७८/०९/०८ चलानी नं.: ६०१७११४४ L.T. No.: 254592 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker / Care Giver | 0 | 3 | स. काममा दक्ष | 309 | ३९,९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २९ गते (14 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**KATHMANDU INTERNATIONAL INCORPORATE PVT. LTD.**
TOKHA 10, SAMAKHUSHI, Kathmandu
Tel: +977-1-496117, 4952265, E-mail: kiimanpowernepal@gmail.com, info@kii.com.np
Mobile : 9742475461 /Web: www.kii.com.np
Gov. Lic No. 441/060/61

## यूएईमा रोजगार

कम्पनी : AL MASAR AL MONHADER CLEANING SERVICES
शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/०२/२३ चलानी नं.: ६०१८०४५० LT. No.: 264344 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८६,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Accountant Manager | 1 | 0 | | 5000 | १,७२,१५० | | | | | | | |
| 3. | Cleaner | 1 | 1 | | 1000 | ३४,४३० | | | | | | | |
| 4. | Cleaning Supervisor | 1 | 0 | | 1000 | ३४,४३० | | | | | | | |
| 5. | Director | 1 | 0 | | 5000 | १,७२,१५० | | | | | | | |
| 6. | Follow Up Manager | 0 | 1 | | 2500 | ८६,०७५ | | | | | | | |
| 7. | Marketing Manager | 1 | 0 | | 5000 | १,७२,१५० | | | | | | | |
| 8. | Project Manager | 2 | 0 | | 5000 | १,७२,१५० | | | | | | | |
| 9. | Window Cleaner | 1 | 0 | | 1000 | ३४,४३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २९ गते (14 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
चाबहिल- ७, काठमाडौं, फोनः ४४८८१३६ | Email- bluemoonoverseas312@gmail.com
श्रम ईजाजत पत्र नं. ३१२/०५९/०६०

# बक्स अफिस समाचार

सानैदेखि कविता लेख्न रुचाउने, गीत सुन्न रुची राख्ने व्यक्ति हुन् गीतकार रोशन भट्टराई । अरुको दुःखमा सकेको सहयोग गर्ने बानीले उनलाई समाजसेवी पनि बनायो । शुरुशुरुमा रहरै रहरले लेख्न थालेको गीतले आज गीतकारको रुपमा चिनायो । वि.सं. २०६१ सालदेखि निरन्तररुपमा गीत लेखनमा सक्रिय गीतकार रोशन भट्टराईले अहिलेसम्म सयौं भन्दा बढी गीत लेखिसकेका छन् भने दिपक खरेल, किरण प्रधान, आनी छोइङ डोल्मा, आनन्द कार्की, भाष्कर श्रेष्ठ, धर्मेन्द्र सेवान लगायत नयाँ र पुराना पुस्ताले उनका गीतहरुमा स्वर दिइसकेका छन् । इमेज अवार्ड, कालिका अवार्ड, बिन्धवासिनी अवार्ड लगायतका सर्वोत्कृष्ट गीतकारको अवार्ड ग्रहण गरिसकेका **रोशन भट्टराई**ले **मध्यान्ह दैनिक**का लागि **सुमनकुमार श्रेष्ठ**सँग गरेको संक्षिप्त कुराकानीको सम्पादित अंश :

## ‘काठमाडौं बसाइसँगै साथी संगतीले गीतकार बन्ने अवसर मिल्यो’



**रोशन भट्टराई**, गीतकार

**के मा व्यस्त हुनुहुन्छ आज भोलि ?**

भर्खरै मेरो एउटा नयाँ गीत ‘फुल झैं कोमल तिमी’को भिडियो सार्वजनिक गरेको छु । नायिका नम्रता सापकोटा, मोडल कमल सिँहले राम्रोसँग अभिनय गरेर भिडियोलाई न्याय दिनुभएको छ । भिडियोलाई दर्शकले पनि खुबै मनपराइदिनु भएको छ । भिडियो राम्रो बनेकोमा निर्देशक लगायत सम्पूर्ण टिमलाई धन्यवाद पनि भन्न चाहन्छु र नयाँ काम छिट्टै नै सार्वजनिक गर्ने तयारीमा छु ।

**पैसाको कति महत्व छ, गीतकार बन्नुमा र हिजोआज गीतकारहरु आफैं लगानी गरेर एल्बम निकाली रहेका छन् नि ?**

पैसाको महत्व सबै क्षेत्रमा अत्यधिक हुन्छ । लेखेको गीत गाउने र संगीत भर्ने मान्छेलाई त पारिश्रमिक दिनै पर्छ । धेरै प्रतिभावान व्यक्तित्वहरु पिछडिएको देखेको छु । आफ्नो प्रतिभा हुँदाहुँदै पनि मौका नपाएर र आर्थिक अवस्थाका कारण पछि परेको देखेको र भोगेको पनि छु । गीत निकाल्ने र दर्शक, स्रोता माझ पु¥याउने उत्सुक्ता र चाहना भएपछि जसोतसो लगानी गरेरै भए पनि काम गरिन्छ ।

**तपाईंले शुरुशुरुमा लेखेको गीत लिएर कसैको माझ जाँदा गीत भएन भन्ने कुराहरु आएन ?**

मैले चाहिँ अहिलेसम्म त्यस्तो भोगेको छैन । सायद नेपालमा कोही व्यक्तिले गीत लिएर कहीँ कतै जाँदा अस्विकार भएको छैन होला । बरु शब्द परिमार्जन या परिवर्तन गरिन्छ । यो पनि एउटा व्यवसाय हो । कमाउने मौका कसैले गुमाउन चाहँदैन ।

**तपाईंको पहिलो गीतमा कसले संगीत भर्नुभयो, कसले गाउनुभयो ?**

२०६१ सालमा मेरो पहिलो डेब्यु गीतमा न्ह्यु बज्राचार्यले संगीत भर्नुभएको थियो भने गायक प्रदीप केसीले स्वर दिनुभयो । ‘मेरो लास जलोस्, बगोस् भई बागमतीमा खरानी, मेरै देशको माटो लगाउन पाउँ सिरानी’ भन्ने बोलको गीत हो । पहिलो गीतले एल्बम निकाल्न र यस क्षेत्रमा आउन अभिप्रेरित ग¥यो ।

**चलचित्रमा गीत लेख्ने अवसर पाउनु भएको छ ?**

‘मट्टीमाला’ भन्ने चलचित्रमा एउटा गीत लेखेको थिएँ । यसको निर्देशन टेके पौरखी भाइले गरेको हो, जसमा बुद्धी तमाङ लगायतका कलाकारहरु हुनुहुनथ्यो । त्यो गीत पनि राम्रै चलेको थियो ।

**गीतकार राष्ट्रिय कलाकार वा गहनाको श्रेणीमा पर्छन् कि पर्दैनन् ?**

कुनै पनि कलाकारलाई पहिले त गहना भन्नु नै गलत हो । किनकि गहना भनेको त खाली देखाउन लगाउने मात्र हो । गहना भए पनि नभए पनि हुन्छ । पत्रकार, वकिल आदिलाई राज्यले अंग मान्छ त्यसैले कलाकार हरुलाई पनि त्यही श्रेणी दिनुपर्छ जस्तो लाग्छ । किनकि कलाकारहरुले पनि समाज र देशको लागि आ-आफ्नो तरिकाले योगदान पु¥याइरहेका हुन्छन् ।

**समाजसेवा, सहयोग लगायत कार्य गर्नुहुन्छ, गीत लेख्दा मज्जा कि समाजसेवा, सहयोग गर्दा ?**

पहिलेदेखि लेखनमामा रुची थियो त्यसैले गीत लेख्न मन पर्छ । समाजसेवा भनेको मनलाई आनन्द आउने काम हो । यसमा कुनै स्वार्थ लुकेको हुँदैन । समाजसेवा मैले मेरो आत्मसन्तुष्टीको लागि गर्ने हो । विगत एक दशकदेखि मेरो आमा, बुवाको नामबाट संस्थागत रुपमा लागिरहेको छु । स-सानो सहयोग गर्दा कसैको भलो हुन्छ भने मैले सक्ने ठाउँमा सहयोग गर्छु ।

**गीत संगीतलाई प्रमोशन गर्ने तरिकामा पहिले र अहिले के भिन्नता पाउनु भयो ?**

पहिले पहिले अहिलेको जस्तो सजिलो प्रविधि थिएन । पहिले रेडियो एफ.एम., टिभीमा गीत बजाउनका लागि लामो समय कुर्नु पर्थ्यो । आफ्नो गीतको अडियो सिडी बेच्न जानु पर्ने, पोष्टर टाँस्दै हिँड्ने चलन थियो । अहिले सामाजिक सञ्जालका विभिन्न माध्यमबाट छिट्टै नै सबै सामु सूचना प्रवाह गर्न पाउने हुनाले प्रविधिले सबै कुरामा सहज बनाएको छ ।

**तपाईंको गीतमा माया प्रेमका कुरा बढी आउँछन् नि, वास्तविक जीवनमा चाहिँ तपाईंको गीत कति मेल खान्छ ?**

मैले थुप्रै गीत लेखें । सबै गीत वास्तवविक जीवनसँग मेल खानु पर्छ भन्ने छैन । तर कुनै कुनै गीतहरु भने मेरो जीवनसंगीनिका लागि नै भनेर लेखेको छु । भर्खरै सार्वजनिक भएको ‘फुल झैं कोमल तिमी’ लगायतका गीतहरु उनकै लागि लेखेको हुँ । उनकै साथले म आज यो स्थानसम्म आइपुगेको छु । म नेपाली हुँ नेपालमा जन्मे हुर्के र यही माटोमा सास फेरिरहेको छु । त्यसैले देशभक्तिका गीतले जीवन प्रदान गर्छ जस्तो लाग्छ । कहिलेकाहीँ अरुको भावमा पनि डुबेर गीत लेख्नुपर्छ । यो समयको पनि खेल हो ।

**कुन-कुन अग्रज कलाकारसाग काम गर्ने मौका मिल्यो र इच्छा हुँदाहुँदै पनि काम गर्ने मौका नपाउनु भएका कुनै कलाकार हुनुहुन्छ ?**

धेरै अग्रजहरुसँग काम गरेको छु । भएजति सबैसँग काम गर्न सम्भव पनि छैन । सकेसम्म गीत, संगीतमा आवद्ध थुप्रै साधकहरुसँग गीत गर्ने चाहना छ । अब छिट्टै नै दर्शक स्रोतामाझ उहाँहरुसँगको काम लिएर आउनेछु ।

**यस्तो गीत चाहिँ मैले गर्न पाए हुन्थ्यो भन्ने होला नि ?**

शुरुमा गीत रहरले गरियो । यो क्षेत्रमा रहरले आइयो । नाम चलेका र हामीले आदर सम्मान गर्ने एकाध गायकहरुसँग काम गर्ने मौका पाएँ । तर यो काम भनेको जति पानी पिए पनि कहिले प्यास नमेटिने भने जस्तै हो । त्यसैले यो इच्छा सधैं नै रहिरहन्छ । कतिपय मैले काम गर्न खोजेका मैले आदर सम्मान गर्ने गायक संगीतकारहरुसँग काम गर्ने इच्छा हुँदाहुँदै पनि काम गर्न पाइएको छैन । यो कुराको चाहिँ सधैं दुखेसो नै हुन्छ । अझै समाजलाई छुने जीवन, दर्शनका गीत लेख्न मन छ । थोरै धेरै जति सकिन्छ कामलाई निरन्तरता दिँदै जाने हो र दर्शक स्रोतालाई मन्त्रमुग्ध बनाउने कोसिस गर्नेछु ।

**अवार्ड र सम्मानको कलाकारलाई कत्तिको लोभ हुँदो रहेछ ?**

अवार्ड सम्मानको लोभ नहुने कलाकार संसारमै कमै होलान । आफुले गरेको काम र त्यसको चर्चा सर्वत्र होस् भन्ने सबैको इच्छा हुन्छ । एउटा कलाकार, गीतकार, खेलाडी सबैलाई त्यसको मोह हुन्छ । बजार अहिले निकै प्रतिस्पर्धात्मक छ । आफूले गरेको कामले पुरस्कार दिलायो भने अझ हौसला बढ्छ । तर अवार्ड पाउँदैमा गीत राम्रो हुने र नपाउँदैमा नराम्रो हुने भन्ने पनि छैन ।

**आजभोलि गीतमा प्रयोग भएका शब्दहरु चाहि समाजमा अली आपाच्य नै छन् नि, त्यस्तो गीत लेख्ने व्यक्तिलाई के भन्नु हुन्छ ?**

गीत लेख्ने भनेको शुरुमा आफ्नो लागि हो र मात्र समाजका लागि हो । कुनै गीत सार्वजनिक भएपछि समाजमा अपच हुने, सुन्नै नसकिने, राष्ट्र र संविधान विपरीत छ भने त्यसलाई सेन्सर गर्नुपर्छ । केही क्षणका लागि भाइरल हुन भन्दा दिर्घकालिन रुपमा निरन्तरता दिन सके राम्रो हुन्छ जस्तो लाग्छ । तर कसैले लेखेको गीत उसले छाडा देख्दैन र सामान्य आलोच्य छ भने हामीले निन्दा गर्नु उचित हुँदैन ।

**तपाईंको गीत लेखनमा प्रेरणाको स्रोत ?**

प्रेरणाको स्रोत भनेको यही भन्ने छैन । लेखनमा रुची राख्ने हुनाले गीत, कविता लेख्दै गएँ । यसमा रस बसेपछि अहिले निरन्तर यसमा लागि रहेको छु । आफूले लेखेको शब्द र भावले समाजमा अरुलाई पनि छुन सक्छ त्यस कारण आफ्ना शब्द गीतमार्फत सबै सामु जाओस् भन्ने लाग्छ ।

**यो क्षेत्रमा आउने व्यक्तिहरुलाई के भन्न चाहनु हुन्छ ?**

अन्य काममा जस्तै यहाँ पनि विभिन्न किसिमका मान्छे छन् । ललाइ, फकाइ गरेर लगानी गर्न र आकाश, पाताल देखाएर हौसाउनेको कमी छैन । मौका ढुकेर बसिरहेका हुन्छन् । बुझेर उपयुक्त तरिकाले काम गर्न सके उचित हुनेछ । लहलहैमा लागेर पैसा र समयको बर्बादी हुनबाट बच्नु पर्छ ।

**गीत लेख्नेसागै गाउने इच्छा चाहिँ लागेन ?**

इच्छा छ, गीत गुनगुनाउँछु पनि । स्वर छ तर सुर छैन । त्यसैले रेकर्ड गरेर सबैलाई सुनाउने सौभाग्य सायद यो जुनीमा पाउँदिन होला ।

**अन्तयमा जीवन भनेको के रहेछ, जीवनलाई कसरी बुझ्नु हुन्छ ?**

जीवन भनेको आ-आफ्नो भोगाइ हो । हरेक मान्छेको फरक भोगाइ र बुझाइ हुन्छ । यसको सर्वमान्य परिभाषा कसैसँग छैन । जति तामझाम भएपनि पद, प्रतिष्ठा र सम्पन्नता प्राप्त गरे पनि केही दिनका लागि अलमलिने, रुमलिने मात्र हो । वास्तवमा मेरो बुझाइमा जीवन भनेको मृत्युको पर्खाइ हो ।


### नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७९/०४/२२**

यस कम्पनीको मिति २०७९/०४/११ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **भिन्टेज विजनेस एड्भाइजर्स प्रा.लि.**मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **भिन्टेज विजनेस एड्भाइजरी प्रा.लि.**ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्टारको कार्यालयबाट समेत मिति २०७९/०४/१८ गतेको निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी **भिन्टेज विजनेस एड्भाइजरी प्रा.लि.**(प्रा.लि.नं.२९३७६०) कायम गरिएको ब्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन भएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०७९/०४/२२**

**रेड एण्ड एल्लो हस्पिटालिटी प्रा.लि.**को मिति २०७९/०४/०२ गते सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गुलमोहर हस्पिटालिटी प्रा.लि. (प्रा.लि. नं.: २८२०११)** कायम गर्ने गरी मिति २०७९/०४/१७ गतेको निर्णय अनुसार श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०४/२२**

**एडभाईस ईन्टरनेशनल एजुकेसन कन्सल्टेन्सी प्रा.लि.**,को मिति २०७८/०७/०८ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एडभाईस म्यानेजमेन्ट मल्टिपल ट्रेनिङ सेन्टर प्रा.लि. (प्रा.लि. नं.: १९५४९२)** साथैयस कम्पनीको परिवर्तन ठेगाना **टोखा न.पा.–०३, काठमाडौं** कायम गर्ने गरी मिति २०७८/०८/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### SAUDI मा रोजगार | कम्पनी : INJAZ FAST FO GENERAL CONTRACTIG EST.

शहरः Saudi

पूर्व स्वीकृत मितिः २०७९/०४/२० चलानी नं.: ६०१८४५८२ LT. No.: 268672

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | General Pipe Installer | 2 | 0 | स. काममा दक्ष | 1500 | ५०,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २९ गते (14 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

